# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ०६ | काठमाडौं | मंगलबार, १६ वैशाख २०८२ | Prabhab National Daily | Tuesday, April 29, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


व्यवसायी ढकालको दाबी

## वातावरण मूल्यांकनले विकास रोकियो




■ प्रभाव संवाददाता

- अहिले इआइए र आइइएको प्रक्रिया विकास निर्माणको बाधक बनेको दाबी
- सुशासन नहुँदा अर्थतन्त्रमा समस्या देखिएको ढकालको भनाइ
- आगामी बजेटको आकार ठूलो बनाउन नहुने सुझाव
- खनिज पदार्थ निर्यात गर्नुपर्नेमा जोड
- सामाजिक सञ्जालसँग डराउन नहुने सुझाव

**काठमाडौं–** ताप्लेजुङको मुक्कुम्लुङमा केवलकार निर्माणका कारण विवादमा तानिएका व्यवसायी चन्द्र ढकालले वातावरणीय र सामाजिक प्रभाव मूल्यांकन अध्ययन विकासको बाधक बनेको दाबी गरेका छन् । आगामी बजेटका सन्दर्भमा नेपाली कांग्रेसको उद्योग तथा व्यापार विभागले सोमबार काठमाडौंमा आयोजना गरेको बजेट अन्तरक्रियामा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्षसमेत रहेका ढकालले यस्तो बताएका हुन् ।

'अहिले इआइए र आइइएको जुन प्रक्रिया छ । यो विकास निर्माणको बाधक बनेको छ । अहिले कानुन परिवर्तनमा धेरै परिवर्तन भएको छ । आम पब्लिकले फिल गर्ने गरी सहज वातावरण बनाउनुपर्छ,' कांग्रेस सभापति शेरबहादुर देउवालाई प्रतिवेदन बुझाउँदै ढकालले भने ।

प्रारम्भिक वातावरणीय परिक्षण (आइई) र वातावरणीय प्रभाव मूल्यांकन (इआइए) कुनै पनि परियोजना सुरू अघि नै गर्नुपर्ने कानुनी प्रावधान छ । 'वातावरण संरक्षण ऐन, २०५३' र 'वातावरण संरक्षण नियमावली २०५४' अनुसार परियोजना सुरू गर्दा अनिवार्यरूपमा इआइए प्रतिवेदन तयार पारी जनसंख्या तथा वातावरण मन्त्रालयबाट स्वीकृति लिनुपर्ने कानुनी प्रावधान रहेको छ ।

कुनै परियोजना सुरू हुनुअघि त्यस क्षेत्रको वातावरणलाई असर नपर्ने गरी काम हुनुपर्छ । यतिमात्र हैन विकसित मुलुकमा कुनै पनि परियोजना निर्माण अघि बढ्नुअघि सामाजिक प्रभाव मूल्यांकन (एसआइए)समेत हुने गर्छ । कुनै परियोजनाले समाजको विभिन्न पद्धतिमा वा आस्थामा केही असर हुन्छ कि हुन्न भन्ने विषयमासमेत अध्ययन हुनुपर्नेमा यस विषयमा सरकारले कुनै ध्यान दिएको छैन ।

इआइए पनि बेलाबेला नाममात्रको हुने गरेको आरोप लाग्दै आएको छ । यस्तो अवस्थामा व्यवसायीले सत्तामा रहेको प्रमुख दललाई उक्साएको हो । यतिमात्र हैन, महासंघका अध्यक्ष ढकालले खनिज पदार्थ उत्खनन्मा पनि सरकार निर्मम हुनुपर्ने सुझाव दिएका छन् । विशेषगरी ढुंगा, बालुवा, गिट्टी, मार्बलजस्ता खनिज पदार्थ नेपाली कच्चा पदार्थ हुन् । यी कच्चा पदार्थ निकाल्नका लागि सरकारले कडा नियम ल्याउनुपर्ने ढकालको सुझाव रहृयो ।

'लोकल र मेटेरियललाई प्राथमिकता दिनुपर्छ । डोमेस्टिक र मेटेरियललाई प्राथमिकता दिनुपर्छ । हामीसँग भएका खनिज पदार्थ इक्स्पोर्ट गर्नुपर्छ,' ढकालले भने । राजस्व बढाउन यस्ता विषय निर्यात गर्नुपर्ने उनको सुझाव रह्यो । यद्यपि जथाभावी ढुंगाबालुवा उत्खनन् गरेका कारण बाढीपहिरोजस्ता जोखिम बढेको छ ।

यस्ता विषय बेलाबेला सामाजिक सञ्जालमा उठ्ने गर्छ । सामाजिक सञ्जालकै कारण सरकारले कतिपय यस्ता उद्योगमा अनुसन्धानसमेत अघि बढाउँछ । तर ढकालले यस्तो सामाजिक सञ्जालसँग डराउन नहुने सुझाएका छन् ।


क्रमशः पृष्ठ २ मा


टिआरसी आयोगमा पदाधिकारी सिफारिस

## दलीय भागबण्डामै 'सर्ट लिस्ट'मा समेटियो नाम

■ जेबी योञ्जन




- टिआरसीमा पदाधिकारीको सम्भावित नामको सूचीमा देखियो दलीय भागबण्डा
- सार्वजनिक नाममध्ये केहीलाई टिआरसीमा शून्य ज्ञान
- संक्रमणकालीन न्याय प्रक्रियासँग जोडेर बहस नगरेका व्यक्ति पनि सम्भावितको सूचीमा
- सार्वजनिक नाममा द्वन्द्वपीडितको असन्तुष्टि

**काठमाडौं–** संक्रमणकालीन न्यायसम्बन्धीका दुई आयोगका सम्भावित पदाधिकारीको संक्षिप्त सूची (सर्ट लिस्ट) दलीय आधारमा पूर्वन्यायाधीशहरूलाई उच्च प्राथमिकतामा राखेर सार्वजनिक गरेको देखिएको छ । सिफारिस भएका केहीले भने विगतमा मानवअधिकारको मामिलामा बहस नै नगरेको पाइएको छ । कोहीचाहिँ विगतमा द्वन्द्वपीडितकै विरुद्धमा वकालत गरेको खुलेको छ ।

सिफारिसमा परेकामध्ये कतिपयमाथि द्वन्द्वपीडितहरूको विमति छ । सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यक्षमा सिफारिस भएका शेरबहादुर केसीको नाममा द्वन्द्वपीडितहरू असन्तुष्ट छन् । उनले विगतमा काभ्रेकी मैना सुनारको हत्यापछि जिल्ला अदालत काभ्रेले तीन सैनिक अधिकारीलाई ज्यान मुद्दामा दोषी ठहर गर्दै कैद सुनाएको प्रकरणमा नेपाली सेनाले उनीहरूलाई कारबाही गर्न नहुने माग राखी सर्वोच्च अदालतमा रिट दर्ता गर्दा सेनाको पक्षबाट केसीले बहस गरेका थिए ।

नेपाल बार एसोसिएसनका पूर्वअध्यक्ष केसी त्रिभुवन विश्वविद्यालयको कानुनका प्राध्यापकसमेत हुन् । तर, विगतमा द्वन्द्वपीडितविरुद्धको मुद्दामा बहस गरेपछि उनलाई सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यक्ष बनाउन नहुने पक्षमा द्वन्द्वपीडितहरू छन् ।

सोही आयोगको अध्यक्षमा सिफारिस भएका छन्– महेश थापा । वरिष्ठ अधिवक्ता रहेका उनी कर्पोरेट कानुनका विज्ञ हुन् । उनको नाम अध्यक्षमा सिफारिस एमालेको कोटाबाट भएको बताइन्छ । बेपत्ता छानबिन आयोगको अध्यक्षको सम्भावित सूचीमा परेका अच्युतप्रसाद भण्डारी उच्च अदालतका पूर्वन्यायाधीश हुन् । उनको नाम सत्य निरूपण तथा मेलमिलाप आयोगको सदस्यमा पनि छ ।

सत्य निरूपण र बेपत्ता गरी दुवै आयोगमा अन्य पाँच जनाको नाम पनि सिफारिस छ । उनीहरू अग्निप्रसाद थपलिया, डिल्लीराज आचार्य, लीलादेवी गड्तौला, विजयसिंह सिजापति र विश्वराज कोइराला हुन् । सबै कानुनी पृष्ठभूमिका हुन् । थपलिया र आचार्य उच्च अदालतकै पूर्वन्यायाधीश हुन् ।

थपलिया ती पूर्वन्यायाधीश हुन्, जोसँग संक्रमणकालीन न्याय र मानवअधिकारको क्षेत्रमा काम गरेको अनुभव शून्य छ । उनलाई पनि एमालेले नै अघि सारेको स्रोतको दाबी छ । आचार्य माओवादीनिकट मानिन्छन् । उनी गत वर्ष सुन तस्करीसम्बन्धी अनुसन्धानको जाँचबुझ आयोगका अध्यक्ष थिए । सोही आयोगले बुझाएको प्रतिवेदनका आधारमा थुप्रै पक्राउ परेका छन् । केही जेलमा छन् ।

दुवै समितिको सदस्यमा सिफारिस भएकामध्ये गड्तौला नेपालको पहिलो महिला मुख्यसचिव हुन् । उनको नाम पनि एमालेको कोटाबाटै सम्भावित सूचीमा परेको चर्चा सुनिन्छ ।

सिजापति कानुनका प्राध्यापक हुन् । कोइराला भने पूर्वनायव महान्यायाधिवक्ता हुन् । कोइराला कांग्रेसनिकट मानिन्छन् । जबकि उनीसँग पनि संक्रमणकालीन न्याय प्रक्रियासँग जोडेर बहस गरेको अनुभव छैन ।

संक्रमणकालीन न्यायसँग जोडिएका मुद्दामा बहस गर्दै आएका वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी दलीय आधारमा पूर्वन्यायाधीश र कानुनी पृष्ठभूमिका व्यक्तिहरूको नाममात्रै सम्भावित सूचीमा राख्नुले शंका उब्जाएको बताउँछन् । उनले भने, 'दुवै आयोगको ऐतिहासिक अभिभारा छ । यहाँ साँच्चिकै द्वन्द्वका सरोकारवाला पक्षले विश्वास गर्ने पदाधिकारी चाहिन्छ न कि दलीय आधारमा सिफारिस भएका । त्यसो गरिए आयोगको औचित्य रहँदैन ।'

आयोगको सदस्यमा एनजिओकर्मीको नामसमेत सम्भावित सूचीमा परेको छ । उनी गोपालप्रसाद लम्साल हुन् । उनलाई सिफारिस समितिमै रहेका डा. अर्जुनबहादुर कार्कीले अघि सारेको बताइन्छ । समितिकै अर्की सदस्य लिली थापाले कविता पाँडेको नाम सिफारिस गरेको चर्चा छ ।

आयोगका सदस्यहरूमा कुमारी कौशल्या ओझा, कुलप्रसाद शर्मा, गोपालनाथ योगी, नरेन्द्रकुमार केसी, नागेन्द्रलाल कर्ण पनि सिफारिसमा परेका छन् । योगी माओवादीनिकट मानिन्छन् । पदमबहादुर शाही, ब्रह्मदेव राय यादव, डा. मानबहादुर विश्वकर्मा, रामकुमार आचार्य, रामकान्त तिवारी, रेश्मा थापा, विनिता नेपाली, सिर्जना पोखरेल, सुबोधराज प्याकुरेल र डा. हेमराज सुवेदी सदस्यमा सिफारिस भएका छन् ।

सत्य निरूपण आयोगको सदस्यको सम्भावित सूचीमा कृष्णप्रसाद पौडेल, कृष्णप्रसाद सुवेदी, नवलकिशोर यादव, राजुप्रसाद चापागाईं, टीका ढकाल, विनोदमोहन आचार्य, वीरेन्द्रप्रसाद थपलिया, शोभाकर बुढाथोकीको नाम छ ।


क्रमशः पृष्ठ २ मा


सन्दर्भः वैदेशिक रोजगार

## बोस्निया जाने नेपाली श्रमिक बढ्दै

### श्रम सम्झौता गरेर नेपाली श्रमिक लैजान इच्छुक देखिएको बोस्निया एण्ड हर्जगोभिना नयाँ गन्तव्य बन्न सक्ने

■ ममता थापा

**काठमाडौं–** वैदेशिक रोजगारीको नयाँ गन्तव्य खोजिरहेको नेपालको ध्यान युरोपतर्फ बढी लक्षित हुँदै आएको छ । मलेसिया र खाडी मुलुकमा केन्द्रित वैदेशिक रोजगारलाई अन्यत्र 'सिफ्ट' गर्न चाहन्छ सरकार । त्यहीअनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले प्रयास गरिरहेको देखिन्छ ।

श्रमिकको सुरक्षा, सेवासुविधा र कमाइ मलेसिया तथा खाडी मुलुकको तुलनामा युरोपेली मुलुकमा राम्रो हुने भएकोले त्यसतर्फ सरकार, वैदेशिक रोजगार व्यवसायी र श्रमिकको ध्यान केन्द्रित भएको हो । पछिल्लो समय युरोपेली मुलुकमा जाने क्रम पनि निरन्तर बढिरहेको छ ।

यही सन्दर्भमा दक्षिणपूर्वी युरोपमा अवस्थित मुलुक बोस्निया एण्ड हर्जगोभिना नेपाली कामदार लैजान इच्छुक देखिएको छ । उक्त मुलुकमा श्रमिकको माग बढ्न थालेसँगै बोस्नियाले नेपालसँग श्रम सम्झौताको प्रस्ताव गरेको छ । हालै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी र भारतको नयाँदिल्लीस्थित बोस्नियाको दूतावासका मिसन उपप्रमुख आर्मिन मेसिनोभिकबीच द्विपक्षीय श्रम सम्झौता गर्ने विषयमा छलफल भएको थियो ।

यही वैशाख १३ गते श्रम मन्त्रालयमा भएको भेटवार्तामा नेपाली कामदार लैजाने विषयमा छलफल भएको मन्त्रालयले जानकारी गराएको थियो । मिसन उपप्रमुख मेसिनोभिकले बोस्निया नेपाली कामदारका लागि अवसरको नयाँ गन्तव्य हुने भन्दै द्विपक्षीय श्रम सम्झौताका लागि प्रस्ताव अघि सारेका थिए । श्रममन्त्री भण्डारीले श्रम सम्झौताका लागि प्रक्रिया अगाडि बढाउने प्रतिबद्धता जनाएका थिए ।

त्यसो त बोस्नियामा अहिले पनि नेपाली श्रमिक गइरहेका छन् । पछिल्लो दुई वर्षयता नेपाली श्रमिकहरू व्यक्तिगत श्रम स्वीकृति लिएर बोस्निया जान थालेको देखिन्छ । कोरोना महामारीपछि आर्थिक वर्ष २०७९/८० बाट नेपालीहरू रोजगारीका लागि उक्त मुलुक गएको तथ्यांक छ । त्यसपछिका वर्षमा श्रम स्वीकृति लिएर जानेको संख्या बढेको छ ।

**बोस्निया एण्ड हर्जगोभिना जान श्रम स्वीकृति लिनेको संख्या**

| आर्थिक वर्ष | संख्या |
|---|---|
| २०७९/८० | ११७ जना |
| २०८०/८१ | ३७५ जना |
| २०८१/८२ को चैतसम्म | ३८८ जना |

*स्रोतः वैदेशिक रोजगार विभाग*


क्रमशः पृष्ठ २ मा


## संघले तोक्यो चार समितिको संयोजक

**काठमाडौं (प्रस)–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले चार वटा विशेष समिति गठन गरेको छ । व्यवसायीहरूको हक, हित, सुरक्षा र संरक्षणलाई ध्यानमा राखी उक्त समिति गठन गरिएको संघले जनाएको छ ।

गठन भएका चारवटा समितिमा एक/एक जना संयोजक तोकिएको छ । वैदेशिक रोजगार विभाग समन्वय समितिको संयोजक संघका द्वितीय उपाध्यक्ष देवकुमार खोखालीलाई तोकिएको छ । साउदी दूतावास समन्वय समितिको संयोजकमा तृतीय उपाध्यक्ष वैकुण्ठप्रसाद पौडेल, सिएसआर तथा आपत्कालीन व्यवस्थापन समितिमा सचिव कुन्छादोर्जे डिम्दोङ र आर्थिक व्यवस्थापन समितिमा कोषाध्यक्ष धनमाया सिञ्जालीलाई संयोजक तोकिएको संघले जानकारी दिएको छ ।

समितिका सदस्यहरूबारे छलफल भइरहेको संघको भनाइ छ । गठित समितिले व्यवसायीका विभिन्न समस्या समाधान गर्न भूमिका खेल्ने संघका महासचिव महेशकुमार बस्नेतले बताए ।


कर्मचारी आवश्यकता

यस कम्पनीका लागि कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

Public Relation Officer (PRO)- (4 पुरुष) (4 महिला)

शाखा कार्यालय लिन चहानुहुने महानुभावहरूले सम्पर्क गर्नुहोला ।
नोटः युरोपियन देशहरूको काम गरेको अनुभव भएका दक्ष कर्मचारीहरूलाई विशेष प्राथमिकता दिइनेछ ।

Interested candidates send your CV to apply:
info@shalmanioverseas.com Call Us: 9808200277, 9802050761.

Shalmani Overseas Pvt. Ltd.
Battisputali, Kathmandu, Nepal.
Gov. Lic. No. 828/066/067



जनहितमा जारी सन्देश

हावाहुरी बाट जोगिन घर लगायतका संरचना बलियो बनाऔं

हावाहुरीलाई रोक्न सकिदैन, तर पूर्वतयारी गर्ने हो भने हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ ।

- घरको संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका थुनौं ।
- छानालाई ग्याबियन तारले राम्ररी कसेर बाधौं ।
- टिनको छानालाई जे-हुक (J-Hook) ले कसौं ।
- छतमा गमला बाधेर मात्र राखौं ।
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं ।
- भीडभाडमा भएका बेला हावाहुरी चले भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं ।
- मोटरसाईकल, गाडी चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं ।
- कतै कुनै सुरक्षति ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं ।

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# ‘श्रम कानुनको पूर्ण कार्यान्वयन गर्न सरकार क्रियाशील छ’

■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)-** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले श्रमसम्बन्धी कानुनको पूर्णकार्यान्वयन गर्न सरकार क्रियाशील रहेको बताएका छन् । अखिल नेपाल ट्रेड युनियन महासंघ (अन्टुफ) ले १३६औं अन्तर्राष्ट्रिय मजदुर दिवसका अवसरमा सोमबार यहाँ आयोजना गरेको ‘पूर्ण कार्यान्वयन श्रम अधिकार, सुमधुर औद्योगिक वातावरणको पहिलो आधार’ विषयक अन्तर्क्रियामा उनले श्रम ऐन, २०७४ लाई समयानुकूल बनाउन संशोधनको तयारी गरिएको बताए ।

‘श्रम ऐन संशोधनका लागि सुझाव आह्वान गरिएको छ, ऐनमा भएका प्रावधानको पूर्णकार्यान्वयन गर्न र श्रमिक संघसंगठनसँग सहकार्य गर्न सरकार तयार छ,’ मन्त्री भण्डारीले भने ।

उनले श्रमिकको न्यूनतम पारिश्रमिक तोक्नका लागि स्थायी संयन्त्र आवश्यक भएको बताए । सामाजिक सुरक्षालाई सर्वव्यापी बनाउन मन्त्रालय क्रियाशील रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले निजी क्षेत्रका साथै सरकारका अस्थायी, करार र ज्यालादारी कर्मचारीलाई पनि सामाजिक सुरक्षा योजनामा सहभागी गराउने निर्णय गरिएको बताए ।

नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) का अध्यक्ष विनोद श्रेष्ठले मुलुकको शासन व्यवस्था र संविधान फेरिए पनि रोजगारदाताको व्यवहार नफेरिँदा श्रमिकले अझै पनि दुःख पाइरहेको बताए । ‘सबै आफ्नो ठाउँबाट फेरिन आवश्यक छ, सरकारले पनि मजदुरको पक्षमा काम गर्न नसकेको महसुस भइरहेको छ,’ उनले भने, ‘पछिल्लो समय श्रम शोषणको रूप फेरिएको छ, श्रमिकले आफूलाई शोषणबाट मुक्ति दिलाउन फेरि पनि एकताबद्ध हुनुपर्छ ।’

अन्टुफका अध्यक्ष जगत सिंखडाले श्रम ऐन संशोधन गरेर मजदुरविरोधी प्रावधान हटाइनुपर्नेमा जोड दिए । सामाजिक सुरक्षा योजनामा सबै श्रमिकलाई समावेश गरेर लैजानुपर्ने भन्दै उनले रोजगारदाता सामाजिक सुरक्षा योजनाबाट पछाडि फर्कन लागेको हो कि भन्ने आशंघका बढेको बताए ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) का नेपाल निर्देशक नुमान ओज्कानले सरकार, रोजगारदाता र श्रमिकबीच सहकार्यको आवश्यकता औंल्याउँदै व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको क्षेत्रमा थप काम गर्नुपर्नेमा जोड दिए ।

रोजगार परिषद् नेपालका सभापति ध्रुव रिजाल, नेपाल होटल संघका अध्यक्ष विनायक शाह, नेपाल निर्माण व्यवसायी महासंघका केन्द्रीय सदस्य प्रमोद लामिछानेलगायतले सरकार, श्रमिक र रोजगारदाताबीचको घनिष्ठ सहकार्यबाट मात्रै असल श्रम सम्बन्ध कायम गर्न सकिने बताए ।

# बुद्ध जयन्तीको तयारीमा घ्याङ गुठी

■ प्रभाव संवाददाता

**काठमाडौं–** बौद्ध तथा मेलम्ची घ्याङ गुठीले २५६९औं बुद्ध जयन्ती भव्यताका साथ मनाउने तयारी भएको जानकारी दिएको छ । यही वैशाख २९ गते विश्व शान्तिका अग्रदूत भगवान् बुद्धको जन्मजयन्ती विभिन्न कार्यक्रम गरी मनाउने तयारीमा गुठी लागेको हो ।

गुठीले सोमबार बुद्ध जयन्तीका अवसरमा आयोजना गरिने कार्यक्रमबारे सुझाव संकलन गर्न सोमबार छलफल कार्यक्रम आयोजना गरेको थियो । बुद्ध जयन्तीका लागि विभिन्न संघ संस्थालाई सहभागी गराई मूल समारोह समिति गठन गरिएको गुठीले जानकारी दिएको छ । गुठीका अनुसार भगवान् बुद्धको मूर्तिसहित र्‍याली आयोजना गर्ने, बुद्धको अस्तुधातु दर्शन गराउने मुख्य कार्यक्रम रहने छ ।

सोमबारको कार्यक्रममा सम्बोधन गर्दै गुठीका प्रमुख धर्मगुरु चिनिया लामा भूपतिवज्र लामाले ‘मेरो जन्म अरुका लागि’ भन्ने मूल नारासहित विश्वशान्ति तथा मानव कल्याण यात्रा विश्वभरि मनाउन आह्वान गरे ।

बौद्धनाथ क्षेत्र विकास समिति, बौद्ध तामाङ कल्याण गुठीलगायत विभिन्न संघसस्थालाई समेटेर बौद्धनाथबाट एकसाथ शान्तिको सन्देश दिन खोजिएको धर्मगुरु लामाले बताए । बुद्ध जयन्ती समारोहमा राष्ट्रपतिलाई आमन्त्रण गरिने उनले पनि उनले जानकारी दिए ।

पृष्ठ १ बाट क्रमशः

## दलीय भागबण्डामै...

वरिष्ठ अधिवक्ताहरू राधेश्याम अधिकारी, डा. वीपिन अधिकारी, कुलचन्द्र गौतमसँगै फरेन्सिक विशेषज्ञ डा. हरिहर वस्ती, कानुनका प्राध्यापक विष्णुमाया भुषाल र रुक्मिनी महर्जनले पनि आवेदन दिएका थिए । तर, उनीहरूको नाम सम्भावित सूचीमा परेनन् ।

दुवै आयोगमा पदाधिकारी सिफारिस गर्नेगरी पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्र नेतृत्वको समिति क्रियाशील छ । तर, यसअघि समितिले नाम टुंगो लगाउन सकेन । त्यसपछि सरकारले फेरि मिश्रको समितिलाई नै पदाधिकारी सिफारिस गर्ने कार्याधिकार दिएको छ । यद्यपि, दलीय आधारमा पूर्वन्यायाधीशदेखि वकिलसम्मलाई सरकारले टिआरसीमा प्राथमिकता दिएको देखिएको छ ।

■■■

## वातावरण...

‘सोसल मिडियामा आएको नेगेटिभ कमेन्टका कारण यस्तो डिसिजन रोकिनेगर्छ । राम्रो डिसिजन तपाईंहरूले गर्नुहुने छ,’ ढकालले भने । विशेषगरी क्रसर उद्योगका कारण नदीजन्य वस्तु नाश हुने र वातावरण नै प्रभावित भइरहेको छ । सरकार सामाजिक सञ्जालसँगै बहकाउमा लाग्न नहुने व्यवसायी ढकालको तर्क रह्यो । ‘कतिपय विषय सामाजिक सञ्जालमा विरोध आएपछि पनि ब्याक भएको देखिन्छ,’ व्यवसायी ढकालले भने, ‘राम्रो डिसिजनका लागि निजी क्षेत्र त्यसको पक्षमा रहने छ । सामाजिक सञ्जालमा डराउन हुन्न ।’

व्यवसायी ढकालले कांग्रेस उदार अर्थतन्त्रको पक्षधर भएकोले यस्तो विषयमा निर्णय गर्न ढिलाइ गर्न नहुनेसमेत सुझाए । उनले नीतिगत अस्थिरताका कारण अहिलेको अस्थिरता सिर्जना भएकोसमेत बताए ।

सरकारले अर्थतन्त्र सुधार गर्नका लागि भन्दै पाँच अध्यादेश ल्याएको थियो । तर अझै पनि अर्थतन्त्र सुधारको संकेत देखिएका छैनन् । सरकारले अर्थतन्त्रको ट्र्याक गर्ने नेपाल राष्ट्र बैंकको गभर्नरसमेत नियुक्त गर्न सकेको छैन । नेपाली कांग्रेस अहिले सरकारको प्रमुख दल हो । कांग्रेसले गभर्नर आफूनिकटको व्यक्ति हुनुपर्ने दाबी गर्दै आएको छ । व्यवसायी ढकालले अहिले सुशासन नहुँदा अर्थतन्त्रमा समस्या देखिएको बताए । अध्यादेश आएपछि युवा जमातमा देखिएको नैरश्यता हटेको दाबीसमेत उनको थियो । त्यसैगरी उनले बजेटको आकार ठूलो बनाउन नहुने सुझावसमेत दिए ।

■■■

## बोस्निया जाने...

आव २०७९/८० मा व्यक्तिगत श्रम स्वीकृति लिएर जम्मा ११७ जना उक्त मुलुक गएको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाउँछ । त्यसअघिको सरकारी तथ्यांकमा त्यहाँ श्रमिक गएको देखिँदैन । त्यसपछि आर्थिक वर्ष २०८०/८१ मा ३३६ पुरुष र ३९ महिला गरी ३७५ जना गएका छन् । त्यस वर्ष पुनः श्रम स्वीकृति लिएर तीन जना गएको तथ्यांक छ ।

चालु आर्थिक वर्ष २०८१/८२ मा व्यक्तिगत श्रम स्वीकृति लिएर ३८८ जना बोस्नियामा पुगिसकेका छन् । साउनमा ४३ जना, भदौमा ५७, असोज ४२, कात्तिकमा ४४, मंसिरमा ७३, पुसमा १८, माघमा २१, फागुनमा पाँच र चैतमा ६६ जना बोस्निया गएका हुन् ।

चैत मसान्तसम्म बोस्निया गएकामध्ये १९ जना पुनः श्रम स्वीकृतिका हुन् भने बाँकी नयाँ छन् । चालु आवमा बोस्निया गएकामा ४२ जना महिलासमेत रहेका छन् ।

हालसम्मको तथ्यांक हेर्दा बोस्निया जाने नेपाली कामदारको संख्या बर्सेनि बढ्दै गएको छ । नयाँ श्रम गन्तव्य खोजिरहेको नेपालका लागि बोस्निया पनि एउटा गन्तव्य बन्नसक्ने तथ्यांकले देखाउँछ । यद्यपि, हालसम्म व्यक्तिगत श्रम स्वीकृति लिएर मात्र गएका छन् । संस्थागत माध्यम अर्थात् म्यानपावर कम्पनीमार्फत गएको तथ्यांक छैन ।

श्रम मन्त्रालयका अधिकारीहरूका अनुसार नेपाली कामदारप्रति बोस्निया आकर्षित भएका कारण नै उसले नेपालसँग श्रम सम्झौताको प्रस्ताव गरेको हो । श्रम सम्झौता भए ठूलो संख्यामा नेपालीले त्यहाँ जाने अवसर पाउने ती अधिकारीको भनाइ छ । श्रम सम्झौतापछि नेपाली श्रमिकले थप सुविधा र कानुनी मान्यता पाउने छन् ।

दक्षिणपूर्वी युरोपमा अवस्थित बोस्निया पनि विकासोन्मुख मुलुक हो । उत्पादन, कृषि, पर्यटन, विकास निर्माणजस्ता क्षेत्रमा बढ्दो विदेशी लगानीका कारण यहाँ रोजगारीका अवसर सिर्जना हुँदै गएका छन् । जसले आप्रवासी श्रमिकको माग बढेको जानकारहरू बताउँछन् ।

पछिल्लो समय मन्त्रालयले युरोपका विभिन्न देशसँग नेपाली श्रमिक लैजाने सम्बन्धमा द्विपक्षीय श्रम सम्झौता तथा गृहकार्य अगाडि बढाइरहेको जनाएको छ । यस्तो अवस्थामा बोस्निया पनि नेपाली कामदारका लागि नयाँ श्रम गन्तव्यका बन्नसक्ने मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

# अवैध वित्तीय कारोबारमा संलग्न आरोपमा २१ जना पक्राउ

**काठमाडौं (प्रस)-** अवैध वित्तीय कारोबारमा संलग्न रहेको आरोपमा ११ जिल्लाका २१ जनालाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले पक्राउ गरी अनुसन्धान थालेको छ ।

उनीहरूले १७ अर्ब ८६ करोड ७० लाख रूपैयाँभन्दा बढी रकम अवैध कारोबार गरेको सिआइबीका प्रवक्ता, प्रहरी उपरीक्षक सुधीरराज शाहीले जानकारी दिए । उनीहरूले आन्तरिक विप्रेषण बन्द भएको अवस्थामा विदेशबाट विप्रेषणबापत प्राप्त हुने रकम आप्रवाहमा अवरोध गरी आन्तरिक विप्रेषणको नाममा नेपालमा भन्सार छली, चोरी पैठारी, सुनको अवैध कारोबार, कर छलीलगायतमा संलग्न व्यक्ति तथा समूहले कारोबार गरेको गैरकानुनी रकमलाई ट्रान्सफर गरेको उनले बताए ।

त्यसरी रकम ट्रान्सफर गरी विप्रेषणबापतको रकम हिसाब मिलान गरेको देखिएकाले मनी टान्सफर कम्पनी र त्यसका सञ्चालकहरूले नेपाल राष्ट्र बैंकबाट जारी आदेश र निर्देशनविपरीत कार्य गरेकाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिमको कसुरउपर अनुसन्धान थालिएको प्रवक्ता शाहीले सोमबार सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

यसरी पक्राउ पर्नेहरूमा मोरङका वीरेन्द्र साह र दीपेन्द्र शाह, महोत्तरीका श्रवणकुमार शाह, सप्तरीका तारालाल यादव, सर्लाहीका हरेराम महत्तो, धनुषाका निरोजकुमार महत्तो, सञ्जिवकुमार महतो र अलितादेवी महतो, प्रकाश सिंह, पर्साका अरुणकुमार साह, नवलपरासीका राजकमल लोनिया र भीमकुमारी गुरुङ रहेका छन् ।

त्यसैगरी सप्तरीका रामविलास साह तेली, पर्साका विकर्षजंग राणा, नवलपरासीका गणपति पाण्डे, वीरगञ्जका सलमा खातुन, सप्तरीकी सुशीलाकुमारी शाह, चितवनका गोविन्दप्रसाद आचार्य, सप्तरीका शम्भू मेहता र ममताकुमारी साह पनि पक्राउ परेका छन्


**कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना**

तेस्रो पटक प्रकाशित मिति : २०८२–०१–१५

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/१२/१४मा स्वीकृती प्राप्त भई साविक कम्पनी मुक्त नेपाल इन्भेष्टमेन्ट प्रा.लि (प्रा.लि.नं.१११२३३)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित कम्पनी छिन्नादेवी लगानी कोष प्रा.लि.ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गर्दछौं ।



**कुवेतमा रोजगार** कम्पनी : NESTO HYPERMARKET COMPANY W.L.L

पूर्व स्वीकृति मिति : २०८१/०५/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१५ | LT. No. 310682 | चलानी नं. ६०२२५२५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAREHOUSE WORKERS | 0 | 150 | 120 | ५३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २३ गते (6th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 615/063/64

BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. (The Link For Recruitment Consultancy Pvt.ltd.)

Gongabu-26, Kathmandu, Nepal, Contact: +977 5919811 / 5919812, E-mail : info@biegroups.com, Web: www.biegroups.com



**युएइमा रोजगार** कम्पनी : FIRST CHOICE CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८०/०८/२२ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०१/१५ | LT. No. 296040 | चलानी नं. ६०२११७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 50 | 800 | २९,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २३ गते (6th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License 083/053/054

Mobhira Overseas Service Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832

Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

**MAURITIUS मा रोजगार** कम्पनी : MAMMOUTH TRADING CO. LTD

पूर्व स्वीकृति मिति : २०८०/०२/१८ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०१/१५ | LT. No. 286073 | चलानी नं. ६०२०२५४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cabinet Maker | 40 | 0 | 14000 | ४२,२३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Upholsterer | 14 | 0 | 14000 | ४२,२३८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २३ गते (6th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १९५००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


GRACE OVERSEAS PVT. LTD.

Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785

Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

Govt. License 852/066/067

**बहराइन/मलेसियामा रोजगार** कम्पनी : ANSAR GALLERY

पूर्व स्वीकृति मिति : २०८१/१२/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१५ | LT. No. 321651 | चलानी नं. ६०२३५८०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 7 | 5 | 150 | ५४,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 20 | 8 | 110 | ४०,१६५ | | | | | | | |
| 3 | Sales-Man | 15 | 8 | 140 | ५१,१२० | | | | | | | |
| 4 | Security Guards | 8 | 3 | 140 | ५१,१२० | | | | | | | |

कम्पनी : V-GLOBAL SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/१२/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१५ | LT. No. 321700 | चलानी नं. ६०२३५७९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Secuity Guard | 59 | 0 | 1700 | ५२,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २३ गते (6th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License 290/059/60

NEPAL PLACEMENT AGENCY PVT. LTD.

Shuberna Shamsher Marg, Ward No. 4, Baluwatar, Kathmandu, Nepal, Tel: +977-1-4531239, 4532999, Mob: Nepaljung: 9858024576, 9868127802

Rautahat: 9843195764, Dhangadi: 9848844526, Butwal: 9801977544, KTM: 9851002903, Email : info@npajobs.com, Web : www.npajobs.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

मंगलबार, १६ वैशाख, २०८२

| | |
|---|---|
| **मेष** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृष** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **मिथुन** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **कर्कट** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **सिंह** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **कन्या** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **तुला** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृश्चिक** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **धनु** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **मकर** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ ।सुखद |
| **कुम्भ** | समाचारले उत्साह जगाउनेछ । |
| **मीन** | रोकिएका काम सम्पादन हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१६ वैशाख, २०८२ (२९, अप्रिल २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.४३ | १३७.०३ |
| युरो | १ को | १५५.०५ | १५५.७३ |
| पाउन्ड स्टिर्लङ | १ को | १८१.६६ | १८२.४६ |
| स्विस फ्रैन्क | १ को | १६४.८० | १६५.५३ |
| अस्ट्रेलियन डलर | १ को | ८७.२६ | ८७.६४ |
| क्यानाडियन डलर | १ को | ९८.४६ | ९८.८९ |
| सिङ्गापुर डलर | १ को | १०३.७३ | १०४.१९ |
| जापानी येन | १० को | ९.४९ | ९.५४ |
| चिनियाँ युआन | १ को | १८.७२ | १८.८० |
| साउदी अरब रियाल | १ को | ३६.३७ | ३६.५३ |
| कतारी रियाल | १ को | ३७.४२ | ३७.५९ |
| थाई भाट | १ को | ४.०७ | ४.०८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१४ | ३७.३१ |
| मलेसियन रिङ्गेट | १ को | ३१.१९ | ३१.३३ |
| दक्षिण कोरियन वन | १०० को | ९.४९ | ९.५३ |
| स्विडिस क्रोनर | १ को | १४.०९ | १४.१५ |
| डेनिस क्रोनर | १ को | २०.७७ | २०.८६ |
| हङकङ डलर | १ को | १७.५९ | १७.६६ |
| कुवेती दिनार | १ को | ४४४.९० | ४४६.८६ |
| बहराइन दिनार | १ को | ३६१.८८ | ३६३.४७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# भव्यताका साथ मनाइयो खटजात्रा

**भक्तपुर (प्रस)**– चाँगुनारायण मन्दिरमा पाँच दिनसम्म सञ्चालन हुने चाँगुनारायण खटजात्रासहित चाँगुनारायण, छिन्नमस्ता र किलेश्वर महादेवको जात्रा मनाइएको छ ।

पाँच दिनअगाडि निम्तो पूजा दिएर सुरु हुने यो जात्रा त्रयोदशीदेखि सुरु भएर मातातीर्थका दिन खटजात्रा गरी अक्षय तृतीयासम्म पाँच दिन मनाइने चाँगुनारायण मन्दिरका मूल पुजारी चक्रधरानन्द राजोपध्यायले जानकारी दिए । यो जात्रालाई भेदभावमुक्त जात्राका रूपमासमेत लिने गरिन्छ । वैशाख कृष्ण त्रयोदशीको बिहानै निमन्त्रणा पूजा गरेपछि यो जात्रा आरम्भ हुने भएकाले लिच्छविकाल र मल्लकालमा कुनै भेद्भाव थिएन भन्ने विश्वास गर्न सकिने उनले बताए ।

जात्राको पहिलो दिन कसाई जातिले चाँगुनारायणबाट बाजागाजासहित काठमाडौंको डाँछीस्थित कान्तिभैरवमा गएर पूजा गर्छन् । दोस्रो दिन भात पकाई भातबाटै भैरव, कालीलगायतका देवताको प्रतीक बनाएर पूजा गर्छन् । चाँगुनारायण मन्दिरभित्रको छिन्नामस्ता (टाउको नभएकी देवी) बाट भैरवको मूर्ति र भातबाट बनाइएका देवतालाई कान्तिभैरव मन्दिरमा लगेर पूजा गरिन्छ । यसो गरेमा अनिकाल कहिल्यै नहुने विश्वास रहेको पुजारी राजोपाध्यायले बताए । त्यसै दिन कान्तिभैरवबाट मूर्तिलाई चाँगुनारायण ल्याई काली, भैरवसँगै राखी पूजा गरिन्छ ।

वैशाख कृष्णपक्ष त्रयोदशीका दिन नाइके खलकले चाँगुनारायण, किलेश्वर महादेव र कान्तिभैरव देवताको खटजात्रा भव्य रूपमा मनाउन नायिखं बाजा बजाई झ्याली पिट्दै नगर परिक्रमा गर्ने परम्परा छ । मातातीर्थ औंसीका दिन चाँगुनारायण, किलेश्वर महादेव र कान्तिभैरव (कालभैरव) को खटजात्रा गरेर इकुटोलमा पुऱ्याएर स्थानीयको पूजाका लागि राख्ने गरिन्छ । त्यस दिन स्थानीयले देवतालाई विधिपूर्वक पूजा गरिसकेपछि चाँगुनारायण र किलेश्वर महादेवको खटजात्रा भव्य रूपमा मनाइएको छ ।

विभिन्न गुठीका गुठियारले धिमे, नायिखं, दाफा र विभिन्न बाजा बजाउँदै जात्रा गर्दै बलम्बु टोलमा देवतालाई राख्ने प्रचलन छ । भैरवलाई बलि दिएर पूजा गर्ने र चाँगुनारायण एवं किलेश्वर महादेवलाई नैवेद्य चढाएर पूजा गरिएको छ । सोमबार वैशाख शुक्लपक्ष प्रतिपदाका दिन भट्टवारीबाट मतयाः गर्ने भन्दै बत्ती झलमल पारेर बाल्ने र राजारानीको प्रतीकका रूपमा देवतालाई विभिन्न किसिमका गहनाले सिँगारेर बाजा बजाउँदै नगर परिक्रमा गराएर जात्रा मनाईंदै छ ।

राति देवताका खट बोकेर बाजा बजाउँदै रातभर जात्रा गरिन्छ भने बलि दिएर देवताका पूजा गरिन्छ । यो प्रक्रिया पाटनका राजा योगनरेन्द्र मल्लले गरेको विश्वास गरिन्छ । छोराको मृत्युपछि विरक्तिएका राजा ३२ रानीसहित चाँगुनारायणमा बस्न आएका र उनीहरू पनि यस जात्रामा सहभागी भई बाजागाजासहित गाउँ परिक्रमा गरेको किम्वदन्ती रहेको छ । त्यही साँझ मत् (दियो) जात्रा गरी बाजागाजासहित आरती गर्ने प्रचलन छ ।

वैशाख शुक्ल द्वितीयाका अर्थात् आज मंगलबार कान्तिभैरवलाई नगर परिक्रमा गराएर काठमाडौंको डाँछी, ब्रह्मखेल, नयाँगाउँ, भद्रवासदेखि साँखुसम्म लगेर रातभर त्यही राखेर जात्रा गरिने र भोलिपल्ट मात्रै चाँगुनारायण फर्काउने मूल पुजारी रोजोपाध्यायले बताए । यसरी जात्रा गर्दा चाँगुनारायण र किलेश्वर महादेवको खटलाई भुइँमा बिसाउनु हुँदैन भन्ने किंवदन्तीअनुसार रथ बोकेरै जात्रा गरिन्छ ।

अक्षय तृतीयाका दिन चाँगुनारायण, किलेश्वर महादेव र कान्ति भैरवका खट लहरै चाँगुमा बिसाएर राख्ने गरिन्छ । यहाँ बिहानैदेखि दिनभरि नै देवताको पूजा गर्न भक्तजनको भीड लाग्ने गर्दछ । उक्त दिन साँझ तीनवटै खटमा झल्लर फुलेका माला र पताः चढाएर सिँगारेर खटजात्रा गरिन्छ भने जात्रा सम्पन्न गरेसँगै देवतालाई देवघरमा भित्र्याउने परम्परा रहेको मूल पुजारी राजोपाध्यायले जानकारी दिए ।

जात्राका बारेमा स्वयम्भू महापुराणमा उल्लेख गरेअनुसार परापूर्वकालमा श्री किलेश्वर महादेवलाई समन्तभद्र बोधिसत्वको प्रतीकका रूपमा र नैरात्मा गुह्येश्वरीको प्रतीकका रूपमा कान्तिभैरवलाई लिएर चाँगुनारायण र काठमाडौंवासीले जात्रा मनाउने गरेका थिए । त्यसबेलादेखि नै दुई जिल्लाबीच यो जात्रासँगै चल्ने गरेको बताइन्छ । बौद्ध र हिन्दूको बीचमा जात्रामा समन्वय भएको महापुराणमा उल्लेख रहेको छ ।

---

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

## तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८२/०१/१६ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरूप बैंकलाई दिएको चल-अचल सम्पति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय : पाल्पारोड बुटवल, रुपन्देही**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उधोग वाणिज्य तथा आपुर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७५/०५/२९ मा दर्ता नं. १९८६७६/०७५/०७६ कायम भइ दर्ता भएको रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ३, स्थित **डि.के. मल्टिबिजनेस प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. दामोदर बस्यालको नाति, दया राज बस्यालको छोरा, पाल्पा जिल्ला, पोखराथोक गा.वि.स. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **कृष्ण प्रसाद बस्याल (ना.प्र.प.नं. ३९-०१-७०-०७८७३, पाल्पा)**

२. श्यामलाल ढकालको नाति, मणि प्रसाद ढकालको छोरा, पाल्पा जिल्ला, पोखराथोक गा.वि.स./न.पा. वडा नं.४, स्थित स्थायी ठेगाना भएको **दिपेन्द्र ढकाल (ना.प्र.प.नं. ३९१०३६/५१०, पाल्पा)**

**२. ऋणीको विवरण**

नेपाल सरकार, उधोग वाणिज्य तथा आपुर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारकको कार्यालय, बुटवल, रुपन्देहीमा मिति २०७७/०६/२५ मा दर्ता नं. २४४८३३/०७७/०७८ कायम भई दर्ता भएको रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १९, स्थित **मेडी प्लस इण्डष्ट्रिज प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. कृष्ण प्रसाद श्रेष्ठको नाति, गणेश कुमार श्रेष्ठको छोरा, पाल्पा जिल्ला, रिब्दीकोट गा.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **बिमल प्रसाद श्रेष्ठ (ना.प्र.प.नं. ३९-०१-७४-०६०८९, पाल्पा)**

२. गणेश कुमार श्रेष्ठको बुहारी, बिमल प्रसाद श्रेष्ठको पत्नी, पाल्पा जिल्ला, रिब्दीकोट गा.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **सम्झना श्रेष्ठ (ना.प्र.प.नं. ३९-०१-७४-०६०९५, पाल्पा)**

**शाखा कार्यालय : जनकपुर, धनुषा**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उधोग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, जनकपुर धनुषामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०८०/०६/०२ मा दर्ता नं. २१३११/२४१/२०८०/०८१ कायम भई दर्ता भएको धनुषा जिल्ला, जनकपुधाम उ.म.न.पा. वडा नं. ५ स्थित **सैदा ट्रेड लिंक**
**प्रोप्राईटर : मो सतार राईन**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. साहेव मियाँको नाति, अमिल मियाँ कवारीको छोरा, धनुषा जिल्ला, लखौरी गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **मो. सतार राईन (ना.प्र.प.नं.: ५२९११५४३, धनुषा)**

२. साहेव मियाँको नाति, अमिल मियाँ कवारीको छोरा, धनुषा जिल्ला, लखौरी गा.वि.स./न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **अब्दुल गफार राईन (ना.प्र.प.नं.: ५२५१११७३२, धनुषा)**

३. खुवलाल मियाँको नाति, साहेव मियाँको छोरा, धनुषा जिल्ला, देउरी परवाहा गा.वि.स. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **अमिल मिया कवारी (ना.प्र.प.नं.: ५२९१०६५०, धनुषा)**

४. अमिल मियाँ कवारीको बुहारी, अब्दुल गफारको पत्नी, धनुषा जिल्ला, लखौरी गा.वि.स./न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **मैतुल खातुन (ना.प्र.प.नं.: १७३०३०/३५७, धनुषा )**

५. अमिल मियाँ कवारीको नाति, मो. सतार राईनको छोरा, धनुषा जिल्ला, लखौरी गा.वि.स./न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **नवुदा खातुन (ना.प्र.प.नं.: १७३०३०/२५५, धनुषा )**

६. साहेव मियाँको बुहारी, अमिल मियाँको पत्नी, धनुषा जिल्ला, लखौरी गा.वि.स./न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **सैदा खातुन (ना.प्र.प.नं.: ५२९१०६५७, धनुषा )**

**२. ऋणीको विवरण**

प्रदेश सरकार, प्रदेश नं. २, उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उधोग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उधोग कार्यालय धनुषा, जनकपुरधाममा औधोगिक व्यवसाय ऐन, २०७६ बमोजिम मिति २०७७/११/२३ मा दर्ता नं. १४०४१/१३१३/०७७/०७८ कायम भई दर्ता भएको धनुषा जिल्ला, क्षिरेश्वरनाथ न.पा. वडा नं. ६, स्थित **होम सेन्टर प्लाई एण्ड डोर उधोग**

**३. ऋणीको विवरण**

नेपाल सरकार, उधोग मन्त्रालय, घरेलु तथा साना उधोग कार्यालय धनुषा, जनकपुरधाममा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६९/०३/०१ मा दर्ता नं. ६८९५/४०१/०६८/०६९ कायम भई दर्ता भएको धनुषा जिल्ला, सखुवा महेन्द्रनगर गा.वि.स./न.पा. वडा नं. ६, स्थित **शिवम स : मिल तथा फर्निचर उधोग** **प्रोप्राइटर: गिता देवी बडही**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. राम लखन ठाकुर वरहीको नाति, विन्देश्वर ठाकुर शर्मा (वडही) को छोरा, धनुषा जिल्ला, सखुवा महेन्द्रनगर गा.वि.स. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **सन्तोष कुमार शर्मा (ना.प्र.प.नं.: ८११३२९९५, धनुषा)**

२. राम लखन ठाकुर वरहीको नाति, विन्देश्वर ठाकुर वडहीको छोरा, धनुषा जिल्ला, सखुवा महेन्द्रनगर गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **मनोज कुमार शर्मा (ना.प्र.प.नं.: ८११३६०३७, धनुषा)**

३. विन्देश्वर ठाकुर वडहीको बुहारी, सन्तोष कुमार शर्माको पत्नी, धनुषा जिल्ला, सखुवा महेन्द्रनगर गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **वविता देवी शर्मा शर्मा (ना.प्र.प.नं.: ११०३, धनुषा)**

४. विन्देश्वर ठाकुर वडहीको वुहारी, मनोज कुमार शर्माको पत्नी, धनुषा जिल्ला, क्षिरेश्वरनाथ न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **रविता देवी शर्मा शर्मा (ना.प्र.प.नं.: १७-०१-७३-१०३२१, धनुषा)**

५. राम लखन ठाकुर वरहीको बुहारी, विन्देश्वर ठाकुर वडहीको पत्नी, धनुषा जिल्ला, सखुवा महेन्द्रनगर गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **गिता देवी बडही (ना.प्र.प.नं.: ८१११३२८६४, धनुषा)**

नोट: माथि उल्लेखित शाखा कार्यालय जनकपुर, धनुषाको ऋणी नं. २ र ३ को लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको।

**४. ऋणीको विवरण**

विजय चन्द्र झाको बुहारी, जय किशोर झाको पत्नी , महोत्तरी जिल्ला, वनौली गा.वि.स/न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **अम्बा कुमारी (ना.प्र.प.नं. ०७२३२३२५, महोत्तरी)**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. राम लोचन झाको नाति, विजय चन्द्र झाको छोरा, महोत्तरी जिल्ला, निगौल गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **जय किशोर झा (ना.प्र.प.नं. ३३०८, महोत्तरी)**

२. विजय चन्द्र झाको नातिनी, जय किशोर झाको छोरी, महोत्तरी जिल्ला, निगौल गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **काजल झा (ना.प्र.प.नं. १८२०/६७३, महोत्तरी)**

**शाखा कार्यालय: कावासोती, नवलपरासी (ब.सु.पू.)**

**१. ऋणीको विवरण**

तहलसिं भण्डारीको नाति, राम वहादुर भण्डारीको छोरा, नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **अमृत बहादुर भण्डारी (ना.प्र.प.नं. ई ५३५८६, नवलपरासी)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. दान बहादुर भण्डारीको नाति, तहलसिं भण्डारीको छोरा, लमजुङ जिल्ला, सिमपानी गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **राम बहादुर भण्डारी (ना.प्र.प.नं. १६४१, लमजुङ)**

२. तहलसिं भण्डारीको बुहारी, राम बहादुर भण्डारीको पत्नीए, लमजुङ जिल्ला, सिम्पानी गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **काली भण्डारी (ना.प्र.प.नं. १८८६, लमजुङ)**

३. राम बहादुर भण्डारीको बुहारी, अमृत बहादुर भण्डारीको पत्नी, नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **विष्णु माया भण्डारी (ना.प्र.प.नं. ३६२०१८/५१७२, नवलपरासी)**

**२. ऋणीको विवरण**

नेपाल सरकार, उधोग मन्त्रालय, घरेलु तथा साना उधोग विभाग, घरेलु तथा साना उधोग कार्यालय नवलपरासीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०५६/०५/१३ मा दर्ता नं. ९४८०/०५६ मा कायम भई दर्ता भएको नवलपरासी जिल्ला, रजहर गा.वि.स.वडा नं. १ स्थित **संजय अजय स्टोर्स** **प्रोप्राइटर: शंकर शर्मा**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. चन्द्र लाल शर्माको नाति, देवि दास शर्माको छोरा, नवलपरासी जिल्ला, शिसवार गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **शंकर शर्मा (ना.प्र.नं. २८९३७, नवलपरासी)**

२. देवि दास शर्माको बुहारी, शंकर शर्माको पत्नी, नवलपरासी जिल्ला, रजहर गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **जयन्ती कुमारी श्रेष्ठ (शर्मा) (ना.प्र.नं. ३६/१९०, नवलपरासी)**

३. देवि दास शर्माको नाति, शंकर शर्माको छोरा, नवलपरासी जिल्ला, रजहर गा.बि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **अजय रिजाल (ना.प्र.नं. ६९५९, नवलपरासी)**

४. शंकर शर्माको बुहारी, अजय रिजालको पत्नी, पाल्पा जिल्ला, मदनपोखरा गा.वि.स./न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **माला अर्याल (ना.प्र.नं. ३०३०४९/२१, पाल्पा)**

**३. ऋणीको विवरण**

सिखाराम थारु महतोको बुहारी, हरि नारायण महतोको पत्नी, नवलपरासी जिल्ला, कुमारवर्ती गा.वि.स. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **सर्मिला महतो (ना.प्र.प.नं. ३६३०२६-४३६, नवलपरासी)**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. तुलाराम थारुको नाति, सिखाराम थारु महतोको छोरा, नवलपरासी (ब.सु.पू.) जिल्ला, कुमारवर्ती गा.वि.स/न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **हरि नारायण थारु महतो (ना.प्र.प.नं. ४१४७, नवलपरासी)**

२. सिखाराम थारु महतोको नाति, हरि नारायण थारु महतोको छोरा, नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १७ स्थित स्थायी ठेगाना भएको **शोहित महतो (ना.प्र.प.नं. ७७-०१-७९-०३९५९, नवलपरासी)**

३. सिखाराम थारु महतोको नातिनी, हरि नारायण थारु महतोको छोरी, नवलपरासी जिल्ला, कावासोती गा.वि.स/न.पा. वडा नं. १७ स्थित स्थायी ठेगाना भएको **सोलु महतो (ना.प्र.प.नं. ७७-०१-७८-०४६४४, नवलपरासी)**

**४. ऋणीको विवरण**

नेपाल सरकार, उधोग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उधोग विभाग, घरेलु तथा साना उधोग कार्यालय नवलपरासी (ब.सु.पू.) नवलपुरमा औधोगिक व्यवसाय ऐन, २०७३ बमोजिम मिति २०७६/११/१६ मा दर्ता नं. ५८९/०७६/०७७ कायम भई दर्ता भएको नवलपरासी (ब.सु.पू.) जिल्ला, हुप्सेकोट गा.पा. वडा नं. ४ स्थित **थापा दाजु भाई पशु तथा कृषि फर्म** **प्रोप्राइटर: अनिता पराजुली**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. रण बहादुर थापाको नाति, भक्त बहादुर थापाको छोरा, नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **गजेन्द्र थापा (ना.प्र.प.नं. २९५८४ लमजुङ, नवलपरासी)**

२. भक्त बहादुर थापाको बुहारी, गजेन्द्र थापाको पत्नी, चितवन जिल्ला, पठीहानी गा.वि.स/न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **अनिता पराजुली (ना.प्र.प.नं २१५८/०४४, चितवन)**

**५. ऋणीको विवरण**

फत्त बहादुर थापा मगरको नाति, नर बहादुर थापा मगरको छोरा, गोरखा जिल्ला, दर्बुङ गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **टुक वहादुर थापा (ना.प्र.प.नं. १३९०२०, गोरखा)**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

नर बहादुर थापा मगरको बुहारी, टुक बहादुर थापाको पत्नी, गोरखा जिल्ला, दर्बुङ गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **पूर्ण थापा (ना.प्र.प.नं. १३९०२१, गोरखा)**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# शिक्षक आन्दोलनलाई चाँडो मार्गप्रशस्त गर

शिक्षा विधेयक माग्दै शिक्षक सडकमा उत्रेको २८ दिन पुग्दै छ । तर पनि समाधानको उपाय अझै निस्केको छैन । विद्या भट्टराईले आफूले यो मामला पार लगाउन नसकेको भन्दै शिक्षामन्त्रीबाट राजीनामा दिइसकेकी छन् । नयाँ शिक्षामन्त्री रघुजी पन्त अब चाँडै नै शिक्षक आन्दोलनबाट निकासा पाउने दाबी गर्छन् ।

शिक्षक महासंघले आफूहरू आन्दोलनबाट नगल्ने अभिव्यक्ति दिइरहेको बेला सरकार भने जसरी पनि शिक्षकलाई गलाउने पक्षमा देखिन्छ । दुई पक्ष टसमस भएको छैन । जसकारण सामुदायिक विद्यालयको पढाइ क्यालेण्डर भने प्रभावित बनेको छ ।

देशभर करिब ३० लाख विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययनरत छन् । पछिल्लो दिनहरूमा सामुदायिक विद्यालयमा विद्यार्थी घटेर निजी विद्यालयमा विद्यार्थी बढ्ने 'ट्रेण्ड' बढ्दो छ । यस्तो अवस्थामा नयाँ शैक्षिकसत्र सुरू भएर आधा महिना बित्दा पनि सामुदायिक विद्यालय बन्द हुनु सन्देहपूर्ण छ । यसले सामुदायिक विद्यालयप्रतिको आकर्षण घट्ने देखिन्छ नै शिक्षामा सरकारको लगानी बालुवामा पानी हुने पनि निश्चित प्रायः छ । किनभने सरकारले कक्षा १२ सम्म निःशुल्क शिक्षा दिन्छ । यसका लागि सरकारले शिक्षकदेखि विद्यालय सञ्चालनसम्म लगानी गरेको हुन्छ । यस्तो अवस्थामा एकातिर आन्दोलनमा उत्रेका शिक्षकहरूले तलब पाइरहेका हुन्छन् भने विद्यार्थी भने पढ्नबाट वञ्चित ।

निजी विद्यालयमा पढ्नेहरूको पढाइ सुधिँदा सामुदायिकका अभिभावककाले आफ्ना सन्तानलाई पनि निजीमै पठाउने बाध्यता आइपर्न सक्छ । यस्तो अवस्था आउन नदिन अब सरकारले केही न केही उपाय गर्नैपर्छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले निजी विद्यालयका व्यवसायीको प्रशंसा गर्ने र सरकारी विद्यालयको रिजल्टलाई दुत्कार्ने काम यसअघि गरिसकेका छन् । ओलीले निजी विद्यालयका व्यवसायीको कार्यक्रममा पुगेर सरकारी विद्यालयका शिक्षकले धेरै विद्यार्थी फेल गराउने काम गरेको अभिव्यक्ति दिएका थिए । जसकारण उत्तीर्ण गराउने र शिक्षामा नाक राख्ने काम नै निजीले गरेकोझैं देखाउँछ ।

यसरी शिक्षकलाई चिढ्याउने काम सरकारले गरिरहेको छ । यसैगरी आन्दोलनमा उतार्ने पक्षले पनि शिक्षकलाई दिनानुदिन उक्साइरहेको देखिन्छ । हुन त प्रधानमन्त्री ओलीको दल नेकपा एमालेमा आस्था राख्ने शिक्षकहरू पनि आन्दोलनमा छन् । ती शिक्षकहरूले बेलाबेला ओलीलाई अहिलेको आन्दोलनको मुख्य उद्देश्यबारे अपडेट गराउँदै अएका होलान् । कांग्रेसनिकट शिक्षक नेताहरूले यसरी नै सभापति शेरबहादुर देउवाकहाँ सूचना पुर्‍याउँदै होला । जे भए पनि अब शिक्षक आन्दोलनले चाँडोभन्दा चाँडो निकास पाउनुपर्छ ।

# उदाहरणीय बन्दै रूपन्देहीका पार्क



■ दामोदर खनाल

'

रूपन्देहीको तिलोत्तमा र बुटवलका विभिन्न स्थानमा पार्कहरु स्थापित छन् । रूपन्देहीमा पर्यटक आकर्षित गर्न यहाँ निर्मित फूलबारी, वनवाटिका, पिस पार्क, हिल पार्कलगायतले मह□वपूर्ण भूमिका खेलेका छन् । यहाँका पार्कहरु आम्दानीको स्रोतसँगै रोजगारीको थलोसमेत बनेका छन् । सहरीकरणसँगै बढ्दो प्रदूषण र कोलाहलले पार्क, बगैंचाहरूको महत्त्व र माग झन् बढाएको छ ।

हरियाली, सुन्दरता र सफा स्थान सबैलाई मन पर्छ । यसले मानिसको मनलाई आनन्दित त बनाउँछ नै, वातावरण र स्थानको सुन्दरता बढाउनमा पनि मद्दत गर्छ । धेरै वा थोरै जुनसुकै ठाउँलाई पनि व्यवस्थित गरी पार्क वा गार्डेनको रूपमा विकास गर्न सकिन्छ । यसलाई व्यवस्थित गर्न सकियो भने राम्रो आम्दानी र रोजगारको क्षेत्र पनि बन्छ भन्ने उदाहरण बनेका छन् रूपन्देहीका दुई पार्क । बुटवल फूलबारी र वनवाटिका पार्कले दर्जनौंलाई रोजगारी दिनका साथै राज्यलाई वार्षिक लाखौं रूपैयाँ राजस्वसमेत बुझाइरहेका छन् ।

रूपन्देहीको तिलोत्तमा र बुटवलका विभिन्न स्थानमा पार्कहरू स्थापित छन् । रूपन्देहीमा पर्यटक आकर्षित गर्न यहाँ निर्मित फूलबारी, वनवाटिका, पिस पार्क, हिल पार्कलगायतले महत्त्वपूर्ण भूमिका खेलेका छन् । यहाँका पार्कहरू आम्दानीको स्रोतसँगै रोजगारीको थलोसमेत बनेका छन् । सहरीकरणसँगै बढ्दो प्रदूषण र कोलाहलले पार्क, बगैंचाहरूको महत्त्व र माग झन् बढाएको छ ।

### बुटवल फूलबारी

रूपन्देही जिल्लाका विभिन्न पार्कमध्ये एउटा महत्त्वपूर्ण पार्क हो बुटवलको फूलबारीमा अवस्थित मणिमुकुन्द सेन उद्यान पार्क । जसलाई लुम्बिनी प्रदेशको मुख्य पार्कको रूपमा चिनिन्छ । यहाँ रहेको आकर्षक बगैँचा, चिडियाखाना, बालउद्यान, साइक्लिङ, मणिमुकुन्द सेनको दरबार, पिकनिक सेड, विवाह, पूजा आदिका लागि व्यवस्थित ठाउँलगायतले आन्तरिक पर्यटकको मुख्य आकर्षक गन्तव्यको रूपमा स्थापित गरेको छ । फूलबारीको नामले पनि चिनिने यो पार्क ऐतिहासिक महत्त्वको पनि मानिन्छ ।

फूलबारीको पश्चिमपट्टि रहेको तत्कालीन पाल्पाली सेनवंशी राजा मुकुन्द सेनले निर्माण गरेको दरबारको भग्नावशेषले तत्कालीन राजाहरूले यो ठाउँमा बसोबास गर्ने गरेको बुझिन्छ । उत्तरपश्चिममा मुनामदन पार्क पनि आकर्षणका रूपमा रहेको छ । यो फूलबारीमा केही राष्ट्रिय विभूतिहरूका प्रतिमा कुँदिएर राखिएका छन् । पार्कको केही तल तिनाउ नदीको किनारमा रहेको ऐतिहासिक जितगढी किल्ला कर्नेल उजिरसिंह थापाको नेतृत्वमा अंग्रेज फौजलाई हराएर नेपालीले वीरता प्राप्त गरेको स्थान पनि रहेको छ । जहाँ युद्धको समयमा निर्माण गरिएको जितगढीदेखि नुवाकोटगढीसम्म पुग्ने सुरुङमार्ग रहेको अग्रजहरू बताउँछन् ।

पछिल्लो समय गुरुयोजना नै तयार गरी ठूलो बजेट खर्चमा यस पार्कको आधुनिकीकरण तथा विस्तार गरिएको मणिमुकुन्द सेन उद्यान संरक्षण समिति (फूलबारी) का कार्यालय प्रमुख अनन्त सिलवाल बताउँछन् । सामुदायिक वनसँग सहकार्य गरी करिब १५० बिघा क्षेत्रफलमा विस्तार गरी साँघुरो अवस्थामा राखिएका जीवजन्तु पशुपक्षीलाई खुला तथा व्यवस्थित ठाउँ दिन फूलबारी एनिमल कर्नर निर्माण गरिएको छ ।

हाल यस संस्थामा १५ जना स्थायी र दैनिक ज्यालादारीमा १८ जना कर्मचारीले काम गर्दै आएका छन् । विवाहको समयमा निकै व्यस्त र भीडभाड रहने फूलबारीमा वार्षिक करिब छ लाख जनासम्म आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन् । यसैगरी १०० भन्दा बढी समूहलाई पिकनिक व्यवस्थापन गर्नसक्ने व्यवस्था रहेको बताउँछन् कार्यालय प्रमुख सिलवाल ।

नयाँ वर्षका दिनमा मात्र यो पार्कमा १८ हजारभन्दा बढीले टिकट काटेर अवलोकन गरेका छन् । आर्थिक वर्ष २०८०/८१ को विवरणमा यस पार्कको आम्दानी साढे दुई करोडभन्दा बढी रहेको देखिन्छ । पार्कले सरकारलाई गत आवमा १२ लाख कर बुझाएको छ । चालु आवमा यो रकम थप बढ्ने बताइएको छ । यस क्षेत्रमै कर तिर्ने यो पहिलो पार्क रहेको सञ्चालक समितिको भनाइ छ ।

### शंकरनगर वन विहार एण्ड रिसर्च सेन्टर (वनवाटिका)

व्यस्त दैनिकी, कोलाहल, प्रदूषणबाट मुक्त चाहनेहरूका लागि अर्को राम्रो स्थानको रूपमा स्थापित भइरहेको पार्क हो रूपन्देही जिल्लाको शंकरनगरमा अवस्थित शंकरनगर वन विहार एण्ड रिसर्च सेन्टर (वनवाटिका) । यो पर्याप्त पर्यटकीय सम्भावना भएको क्षेत्र पनि हो । हाल यो क्षेत्र वनभोजस्थलको रूपमा पनि परिचित हुँदै गएको छ । यो वनवाटिका आन्तरिक र बाह्य पर्यटकको गन्तव्यमात्र नभएर औषधि, इन्धन र अनुसान्धानका लागि महत्त्वपूर्ण छ ।

यहाँ रहेका बगैँचा, चिडिया घर, पार्क, बालउद्यान, स्काइ साइक्लिङ, भ्युटावर, मोनो रेललगायतका विविध संरचनाहरूले गर्दा पार्कको अवलोकन गर्न दैनिक विभिन्न ठाउँबाट पर्यटक आउने गर्दछन् । यहाँ विवाह, वनभोजलगायतको सिजनमा एक दिनमा विभिन्न ठाउँबाट १०० भन्दा बढी समूह वनभोजका लागि आउने गरेको तथ्यांक छ । बालकदेखि वृद्धवृद्धासम्म यस ठाउँमा घुम्न, वनभोज गर्नमात्र होइन धार्मिक कार्यका लागिसमेत आउने गर्छन् ।

यहाँ रहेको चिडिया घर, बालउद्यान, रेल, स्काइ साइक्लिङ, चिडिया घरलगायतका संरचना बालबालिकाहरूको आकर्षणको रूपमा रहेको संस्थाका अध्यक्ष खेमलाल पाण्डे बताउँछन् ।

पाण्डेका अनुसार नयाँ वर्षका दिन यहाँ २० हजारभन्दा बढी अवलोकन गर्न आएका थिए । यहाँ निर्माण भएको टावर पनि अब सञ्चालनमा ल्याउने तयारीमा छ । वार्षिक करिब पाँच लाखले पार्क अवलोकन गर्दछन् । यस पार्कले गत आर्थिक वर्ष करिब तीन करोड रूपैयाँ आम्दानी गरेको थियो । सरकारलाई वार्षिक करिब ३५ देखि ४० लाख राजस्व बुझाउने गरेको छ । यो पार्क ७७ बिघा क्षेत्रफलमा फैलिएको छ जहाँ ३२ जनाले प्रत्यक्ष रूपमा रोजगारी पाएका छन् ।

### बुटवल हिलपार्क

बढ्दो गर्मीसँगै बुटवलको हिलपार्कमा मर्निङ वाक गर्न जानेको संख्या पनि बढ्दो छ । यहाँ मर्निङ वाक गर्ने तरिका अनौठो नै छ । बुटवलबासीले नाचगानको रमाइलो तरिका अपनाएका छन् जसमा कुनै खर्च हुँदैन । वर्षौंदेखि बुटवलको पर्यटकीयस्थल हिलपार्कमा बिहानमा आ-आफ्नै तालमा नाचेर व्यायम गर्छन् । यहाँ मर्निङ वाक आउनेको संख्या दैनिक एक हजारभन्दा बढी हुन्छ । शनिबार र बिदाको दिन अझ बढी भीडभाड हुने गर्दछ ।

यस पार्कमा रहेका विभिन्न संरचना, मूर्तिकलाले पर्यटकलाई आकर्षण गरिरहेको पनि छ । तर यहाँको बालउद्यान र मूर्तिकारले बनाएका संरचनाहरू भने त्यति व्यवस्थित हुन सकेको छैन । हिलपार्क व्यवस्थापन समितिले यहाँ विभिन्न संघसस्थाको सहयोगमा थप केही संरचनाहरू निर्माण भइरहे पनि बजेट अभावका कारण आवश्यकताअनुसार यहाँका संरचनाहरू व्यवस्थित गर्न नसकिएको जनाएको छ ।

बुटवलको ढवाहमा अवस्थित ग्लोबल पिस पार्कमा पनि आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण बढ्दो छ । राजयोगिनी ब्रह्माकुमारीहरूको योजनामा निर्मित यस पार्कमा आकर्षक बगैँचा, बालउद्यान, रिट्रिट हलजस्ता विभिन्न आकर्षक संरचनाहरू निर्माण गरिएको छ । दुई खोलाको बीचमा टापुको रूपमा रहेको उक्त पार्कबाट विभिन्न पर्वत शृंखलाको दृश्यावलोकन गर्न सकिन्छ । करिब १० हेक्टर क्षेत्रफलमा फैलिएको यो पार्कमा करिब २०० प्रजातिका बोटविरुवा, फलफूल तथा वर, पिपल, स्वामी, रुद्राक्ष, बेल, कपूर, चन्दन आदि धार्मिक आस्थाका वृक्षहरू वृक्षरोपण गरिएको छ ।

भौतिक शरीरका लागि विचलित भएकाहरूलाई शारीरिक एवं मानसिक शान्ति, आत्मज्ञान र सकारात्मक चिन्तन दिलाउन यहाँ निर्माण गरिएको व्यवस्थित रिट्रिट हलमा योग अभ्यासको पनि व्यवस्था गरिएको छ । वि.सं. २०५७ मा बुटवल नगरपालिकासँग जग्गा लिएर कुलतमा लागेका युवाहरूको अखडा बनेको यस क्षेत्रलाई शान्ति पार्कमा परिणत गरिएको हो । ब्रह्माकुमारी विश्वविद्यालयले सुखद जीवनका लागि मानव जीवनमा अध्यात्मिक चिन्तन र सहयोगी भावना हुनुपर्छ भन्ने भावना राख्दछ ।

रूपन्देहीमा तिलोत्तमाको कुञ्जपार्क, बुटवल ढबाहको मिलनपार्कलगायत अन्य पार्कहरू पनि छन् । साना ठूला पार्कहरूलाई व्यवस्थित गर्न सकियो भने स्थानीय र बाह्य पर्यटकको आकर्षण बढ्नेमात्र होइन यस्ता पार्कहरू रोजगार र आम्दानीको दिगो स्रोत पनि बन्न सक्छन् ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा रहँदा अपनाउनुपर्ने स्वास्थ्य सुरक्षाका उपायहरु

- सामान्यतया काम गर्ने समय आठ घण्टा अनिवार्य हो तर काम (ओभरटाइम) पाइयो भन्दैमा १२ घण्टाभन्दा बढी काम गर्दा शरीरलाई चाहिने आराम कम हुने भएकोले स्वास्थ्यमा असर पर्न जान्छ ।
- कोठामा बस्दा वा सुत्दा एसी सही किसिमबाट प्रयोग गर्नुपर्छ ।
- त्यसैले दैनिक १२ घण्टा काम गर्ने हो भने आठ घण्टा अनिवार्यरूपमा आराम गर्नुपर्दछ ।
- दैनिक काम गरेको समय र आरामको समय मिलाई सोहीबमोजिम पोषिलो खाना खानुपर्दछ ।
- स्वदेश र विदेशको वातावरण फरक पर्ने हुँदा पर्याप्त मात्रामा पानी पिउने गर्नुपर्दछ ।
- बाहिरी वातावरणमा घुम्न जाँदा वा हिँड्दा मास्क, चस्मा आदिको प्रयोग गर्नुपर्दछ ।
- जाडो र गर्मीको वातावरण हेरी कार्यस्थलमा वा स्थानमा उपयुक्त तवरले प्रयोग गर्नुपर्दछ ।
- धूमपान तथा मादकपदार्थको प्रयोगले स्वास्थ्यमा तुरुन्तै असर गर्ने भएकोले यसको प्रयोग गर्नु भनेको स्वास्थ्य खतरामा पार्नु हो । त्यसैले मादकपदार्थको प्रयोगबाट टाढै रहनुपर्दछ ।
- कामको प्रकृतिअनुसार तोकिएका सुरक्षाका सामानहरू प्रयोग गर्नुपर्दछ । जस्तोः चस्मा, पञ्जा, रोप, बुट, ड्रेस, हेल्मेट, हार्नेस आदि । सुरक्षा कवच प्रयोग गर्न लापरवाही गरे दुर्घटना हुनसक्छ, स्वास्थ्यमा असर पर्छ ।

#### महिला कामदारले ध्यान दिनुपर्ने कुराहरू

- प्रायः घरमा सिसी क्यामरा जडान गरिएको हुन्छ । त्यसबाट सबै कुरा निरीक्षण गरिरहेका हुन्छन् । त्यसैले सावधानी अपनाउनुपर्दछ ।
- घरमुली वा रोजगारदातासँग बढी कुराकानी गर्दा कतिपय ठाउँमा राम्रो मानिँदैन ।
- नचिनेको महिला वा पुरुषको साथ लागेर नचिनेको/नजानेको ठाउँमा जानु हुँदैन ।
- पुरुष रोजगारदातामात्र घरमा भएका बेला विशेष सावधानी अपनाउनुपर्दछ ।
- कुनै समस्यामा परिहाले कसलाई सम्पर्क गर्ने भन्ने पूर्वतयारी अवस्थामा रहनुपर्दछ । त्यस्तो अवस्थामा गोप्य तरिकाले सम्बन्धित निकाय, संस्था वा व्यक्तिलाई सहयोगको याचना गर्नुपर्दछ ।
- पहिलोपटक वैदेशिक रोजगारीमा गएका महिला कामदारले विशेष सावधानी अपनाउनुपर्दछ । त्यहाँको वातावरणमा घुलमिल हुन केही समय लाग्ने हुँदा आफूलाई आफैंले स्वनियन्त्रणमा राखी काम गर्नुपर्दछ ।






✍ बैकुण्ठ भण्डारी

# सडकदेखि सदनसम्म रमिता !

माइतीघरदेखि नयाँ बानेश्वर सडक खण्डमा आजकल हरेक दिन कुनै न कुनै महोत्सव हुने गर्दछ । अहिले त सडक नै बल्छ । पहिलेपहिले भए पो गीत गजल हेर्न प्रज्ञा भवन वा नाचघर नै पुग्नु पर्दथ्यो । अहिले त व्यवस्थासँगै अवस्था फेरिएको पनि दुई दशक हुन लागिसक्यो । त्यसैले ऊ बेला जस्तो कहाँ हो र ! देश चलाउनेदेखि चल्नेसम्म पनि सबै कलाकार ।

बबरमहलको आधुनिक पुल । त्यही पुलको छेउमा मास्टरमास्टर्नीको नाचगान, देउसीभैलो सबै देख्न सकिन्छ । त्यहीँबाट अलि पर अर्को सेतो घर छ, त्यहाँ भित्र छिऱ्यो कि अर्को संसार । संसद् भवन भन्ने त्यहाँ झन् एकसेएक कलाकार ।

त्यही भएर पो रहेछ त पछिल्लो समय सडक नाटक मञ्चन हुन थालेको । अहिले सत्ता र शक्ति हुनेहरूका लागि एउटा कानुन, कोही नहुने भुइँमान्छेलाई अर्कै हुन्छ । त्यही भएर पो सडकमा आजकल नाचगान, दोहोरी सबै चल्छ ।

फेसबुक चलाउने, टिकटक बनाउने अनि मानिसलाई अलमल्ल । यत्तिमा जागिर पनि चलेको छ, देश पनि चलेको छ । भविष्य भने यस्तै हो ।

'कम्मर मर्काइ नाचौंला, बाँचे भो सँगै भेटौंला' मास्टरहरूले गाउने गीत हो । त्यही माइतीघरको चोकदेखि आधुनिक पुलसम्म आधुनिक मान्छेहरूले सबैलाई मानेका छन् । भए गाउँला नभए घर रित्तै फर्कौंला नारासहित दोहोरी चलिरहेको छ । सरकारले मास्टर देखेन, मास्टरले सरकार देखेन ।

देख्ने कहिले ? भेट्ने कहिले ? बरु मन्त्री फेरिएला मानिसको मतिमा लागेको कुरा फेर्न गाह्रो छ । के-के पुऱ्याउने सरकारले ? चाहिनेभन्दा नचाहिने मागहरू बढी भएको अवस्था हो । सडकमा आन्दोलनले भएको क्षतिपूर्ति कसले जिम्मेवारी लिने हो ?

पछिल्लो समय अलि शिक्षकहरू भट्के जस्तो । यता शिक्षक झट्कने उता मन्त्रीको पद चट्, यो हो नि काइता । जो सोझो, उसको मुखका घोचो भन्ने उखानजस्तै । उखानका महात्म्य नै अहिले देश हाँक्ने जिम्मेवारीमा । यस्तो बेलामा मास्टर्नीहरूको नाच हेर्न नपाउने ? पूर्वतिर संसद् भवन, पश्चिममा मन्त्रीका भवन । यी दुवै भवनले जनताको सेवा गर्दैन । केटाहरू निस्फिक्री नहुने अवस्था आएपछि त हो नि खेताला खोज्नुपर्ने ।

हुन पनि अहिले खेताला शिक्षकहरूको दिन छ । देश चलाउनेले अरुको खेताला जस्तै बनिसकेपछि त्यो पढाउनेसढाउने छाडिदिऊँ । बरू परिवर्तनका लागि हिँड्ने मान्छेहरू खोज । मुखले जे भने पनि संगठन बलियो भएपछि त यस्ता जाबो कति आउँछन् जान्छन् । शिक्षामा खेताला, तरकारीमा खेताला, देश हाँक्ने पनि खेताला भएपछि के चाहियो ?

खान जन्मेकाहरूले खायो, जति सक्छ खायो । तर मिलाएर खाओ भन्दा हात बांगेले यस्तै हो भन्थे । भने जे पनि हुन सक्छ । नयाँ शैक्षिकसत्र सुरू भइसक्यो, सडकमा मास्टर साहेवहरू जादू देखाइरहेका छन् । निजी विद्यालयले पढाइ सुरु गरिसकेका छन् । त्यसभित्र पनि हुने खानेकै करामत छ ४८ र ५२ प्रतिशतको एक/एक हिसाव राख्नुपर्ने बेला आएको छ ।

यो हिसाव गरिरहँदा पहिले आफैंले झोला वोक्न सिकाएकाहरूले 'झोले' भन्ने शब्दलाई निकै नै रोचक ढंगले रमितामा प्रस्तुत गरिएको पाइन्छ । शिरमा ढाकाटोपी लगाएर आन्दोलन गरिरहेका मास्टरसाहेवले आफूलाई झोले हो भनेर प्रमाणित गरिसकेको अवस्था । २१ दिनमा त यो देशमा व्यवस्था नै परिवर्तन भएको थियो । तर अहिले अवस्था परिवर्नत गरौं भन्ने मास्टरसापको गुनासोमात्रै होला । साँढेको जुधाइ बाछाको मिचाइमा परेका छन् साना बालबालिका । तैपनि कुनै गुनासो छैन । सडकमा रमिता भाको छ । युटचुबेलाई जागिर भाको छ । हुँदै नहुने भए पनि सडकमा नै बस्यो गीत गायो ।

राजतन्त्रको पालाको ऐन देखाएर गणतन्त्रको काम गरिरहेका छन् । जो-जो जसरी आए त्यसरी नै गए । विडम्बना हिजो हरेक राजनीतिक दलमा शिक्षक थिए । अहिले छैनन् रे ! कति हाँस्नु... । नेपालमा राजनीतिलाई स्थापित गरेकै शिक्षकहरूले हुन् त कस्तो थाहा नपाको क्या !

सरकारमा हेऱ्यो रमिता, सदनमा हेऱ्यो रमिता, सडकमा हेऱ्यो रमिता । कहिले केको रमिता कहिले केको... । त्यही रमिता गर्न त सडकमा जनतालाई सास्ती दिएर के गर्न खोजेको हँ सरकार ? बरु कुनै बेला यही रमिता गर्न दिएको ठाउँमा गएर जिन्दावाद, मुर्दावाद भन्दिए भैगो ।

सडकमा चक्काजाम गरेर, यातायात अवरुद्ध गरेर जनतालाई सास्ती दिने काम रोक्नु पर्दैन ? अलि ठूलो स्वरले बोलेपछि नेता भइने हो र ? त्यसो भए अवदेखि फेरि टुँडिखेल खोलौं । मनमा लागेका कुरा जति सक्यो टुँडिखेलामा बस्नेले रमिता देखाओस् । जनता मन लागेका कुरा पोख्न फेरि त्यही टुँडिखेलमा जाउन् ।

व्यवस्था परिवर्तन भएसँगै अवस्थामा परिवर्तनका गर्नका लागि पनि टुँडिखेललाई खेलमैदान बनाउनु आवश्यक छ । नत्र जो पनि गएर टुँडिखेलमा पुग्दा अर्कै सान । अहिले त टुँडिखेलकै पहिचान हराइसक्यो । पहिचानवादीहरूले आ-आफ्ने पहिचान खोज्न किन माइतीघरमा जाने ? जाउँ टुँडिखेल । ठाउँ पनि ठूलो, मान्छे पनि ठूलो ।

तिमी देऊ, तिम्रा हातहरू म दिन्छु मेरा हातहरू आऊ मिलाउ हाम्रा हातहरू भन्ने गीत पनि एकादेशको कता हुने हो । अहिले त के हात मिलाउने ? कुरै भाको छैन छद्मभेसीहरूले नै हात मिलाइसक्छन् चाहे त्यो मास्टर किन नहोस् सबैको सधैंका लागि जय हुनुपर्छ ।

२०४६ सालदेखि सुरू भएको रमिता ३६ वर्षसम्म रमितामा नै गइसकेको छ । अब रमितालाई अन्त्य गर्नुपर्छ । सडकमा होस् कि सदनमा होस् । आफ्नो स्वार्थअनुकूल रमिता गर्नेहरूलाई जनताले नै अर्को रमिता गर्न ढिला भइसक्यो । अब त जागौं । यसै रमिते देश, त्यसै रमिते देश । सदनमा रमिता, सडकमा पनि रमिता । सरकारमा रमिता, दलभित्र आफ्नै रमिता ।

राजनीति समाज सेवा होइन, व्यापार भइरहेको छ । त्यो रमितालाई समेत अन्त्य गर्दै शिक्षकहरूकै रमिते आन्दोलनबाट सबै रमिताहरू अन्त्य गरौं । जय रमिता ।



**रातो मच्छिन्द्रनाथ** | वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथ सोमबार पुल्चोकमा निर्माण गरिएको रथमा रथारोहणका लागि ललितपुरस्थित मच्छिन्द्र बहालबाट सानो खटमा बोकेर बाजागाजासहित ल्याउँदै गुठीयार । रथारोहण गरेको तीनदिनपछि रथ जात्रा सुरू हुने छ। *तस्विरः रत्न श्रेष्ठ/रासस*

# रातो मच्छिन्द्रनाथलाई विधिपूर्वक रथारोहण गरियो

**पाटन (ललितपुर)**– 'वर्षा र सहकालका देवता' रातो मच्छिन्द्रनाथलाई विधिपूर्वक रथारोहण गरिएको छ। लगनखेलस्थित मच्छिन्द्रबहालमा विराजमान रातो मच्छिन्द्रनाथको मूर्तिलाई मुख्य पुजारी यज्ञरत्न शाक्यसहितका पानेजुले विधिपूर्वक पूजा गरी बाजागाजासहित बोकेर पुल्चोकमा ल्याएर सोमबार साँझ रथारोहण गराएका हुन् ।

रथारोहणका समयमा तोप पड्काएर हर्षबढाइँ गरिएको थियो । हरेक वर्ष वैशाख शुक्ल पक्ष प्रतिपदाको दिन मच्छिन्द्रनाथलाई रथमा विराजमान गराउने चलनानुसार सोमबार साँझ रथारोहण गरिएको हो । ञवाल गुठीका नाइके प्रेम महर्जनका अनुसार रथारोहणको चार दिनपछि रथ तानेर गावहाल पुर्‍याइन्छ । 'गावहालमा नौ टोलले जात्रा मनाउँछ, गावहाल पुर्‍याएको भोलिपल्ट भोज गरिन्छ,' उनले भने ।

ञवाल गुठीका गुठियार रत्न डंगोलका अनुसार रथ बनाउन सुरु भएको १५ दिनमा सम्पन्न हुन्छ, जावलाखेल नपुर्‍याएसम्म मर्मत गर्ने काम ञवाल गुठीले नै गर्नुपर्ने हुन्छ । 'मच्छिन्द्रनाथसँगै १०८ लोकेश्वर हुन्छन्, लोकेश्वरमध्येका पञ्चवाणी लोकेश्वरलाई आज (सोमबार) दिउँसो रथारोहण गर्न ल्याउनुनुपूर्व कटुवालदहबाट कलश यात्रा गरेको ल्याएको जल मच्छिन्द्रनाथको पाउमा अर्पण गरियो । सो काम गरेपछि पुजारीले भजन अनि पाठ गर्नुभएको थियो,' उनले भने ।

भक्तपुरका तत्कालीन राजा नरेन्द्रदेवको



प्रतिनिधिका रूपमा केही मानिस तःबहाल उपस्थित भएपछि विधिपूर्वक मच्छिन्द्रनाथलाई रथारोहण गर्न पुल्चोक लगिने पुजारी (३२ पानेजुमध्येका एक) कमलराज बज्राचार्यले बताए । 'लोकेश्वरलाई रथमा विराजमान गराउन लाँदा गुरुज्यूको पल्टनको उपस्थितिमा चारजना पानेजुले रथ बोक्ने परम्परा छ भने एक व्यक्तिले लोकेश्वरलाई छाता ओढाउँछन् त अर्को एक व्यक्तिले हातमा खड्ग समाती जय-जयकार गर्दै पुल्चोक पुर्‍याइन्छ,' उनले भने ।

उपत्यकाको सबैभन्दा लामो जात्राका रूपमा मच्छिन्द्रनाथ जात्रालाई मनाउने गरिन्छ । मच्छिन्द्रनाथलाई छ महिना पाटनको तःबहाल र छ महिना बुंमतीमा राख्ने चलनअनुसार गत मंसिरमा पाटनको तःबहाल मन्दिरमा ल्याएर राखिएको थियो ।

किम्वदन्तीअनुसार एकपटक भिक्षा माग्न आएका गोरखनाथलाई कान्तिपुरवासीले नदिएपछि त्यसैको झोंकमा उनले पशुपति मृगस्थलीमा नवनागलाई आसन बनाए । यसरी १२ वर्षसम्म वर्षा नभई अनिकाल भएपछि यसको समाधान खोज्दै जाँदा गोरखनाथका गुरु मच्छिन्द्रनाथलाई कान्तिपुर ल्याएमा गोरखनाथ आसनबाट उठी वर्षा र सहकाल हुने थाहा पाएर भक्तपुरका राजा नरेन्द्रदेव, काठमाडौंका राजा बन्धुदत्त बज्राचार्य र ललितपुरका कृषक ललित रथचक्र मिलेर मच्छिन्द्रनाथलाई भारतको कामारूकामाक्षबाट नेपाल ल्याएका थिए ।

काठमाडौं उपत्यकामा मुहार रातो भएका रक्तवलोकेश्वर करुणामयको स्थान निकै उच्च छ । यिनलाई लोकनाथ, रातो मच्छिन्द्रनाथ वा मत्स्येन्द्रनाथ, बुंगमलोकेश्वर, बुँगद्यः, आर्यावलोकितेश्वर, वृष्टिदेव आदि विभिन्न नामले पुकार्दै उपत्यकावासीले श्रद्धाका साथ पूजापाठ र जात्रा मनाउने चलन छ ।

करुणामयलाई ३२ हातका साथै ४८ फिट अग्लो रथमा विराजमान गराइन्छ । मच्छिन्द्रनाथको रथ नरेन्द्रदेवका छोरा राजा बरदेवले बनाउने चलन चलाएको मानिने पाटन निवासी सूर्यमान डंगोलले बताए। 'मच्छिन्द्रनाथलाई हिन्दू धर्मावलम्बीले ऐतिहासिक सन्तगुरु करुणामयका रूपमा पुज्छन् भने बौद्ध धर्मावलम्बीले पद्मपाणि (पच्चबुद्धमध्येका चौथो बुद्ध)का स्वरूपमा पूज्ने गर्छन्,' उनले भने ।

रक्तावलोकितेश्वर मुहार अरूणावर्ण हुनाका साथै दुई ठूला-ठूला आँखा अनि दबिएको नाक तथा चार फुट लामो उचाइ रहेको डंगोलले जानकारी गराए। वृष्टिदेवले शिरमा रत्नमुकुट अनि निधारमा टीका र कानमा रत्नजडित गहना लगाउनाका साथै घाँटीमा कर्कोटनागको रत्नमाला, हातमा चुरा तथा बाला र खुट्टामा कल्लीले सुशोभित हुने गरेका मुनीन्द्ररत्न बज्राचार्यद्वारा लिखित पुस्तकमा चर्चा गरिएको छ। *रासस*

# अभिभावकको दबाबले खुल्न थाले इलामका सामुदायिक विद्यालय

**इलाम–** शिक्षकहरूको आन्दोलनका कारण बन्द भएका यहाँका सामुदायिक विद्यालय अभिभावकको दबाबपछि खुल्न थालेका छन् । अभिभावकले विद्यार्थीको भविष्य अन्धकार भएको भन्दै पठनपाठन सुरु गर्न दबाब बढाएपछि आइतबारदेखि केही विद्यालय सञ्चालनमा आएका हुन् ।

इलाम नगरपालिकाले पनि आइतबार एक विज्ञप्ति जारी गरी विद्यालय खुलाउन आह्वान गरेको थियो । इलाम नगरपालिका-३ पुवामझुवास्थित विणापाणी माध्यमिक विद्यालय आइतबारदेखि सञ्चालनमा आएको विद्यालयका शिक्षक विष्णुभक्त भण्डारीले बताए । 'विद्यालयमा आज (सोमबार) केही विद्यार्थी आए, नाम लेखाउने र पुस्तक वितरण गरियो,' उनले भने ।

इलाम-१ स्थित नेपालटार माध्यमिक विद्यालयका शिक्षक निर्मल तिम्सिनाले अभिभावकको दबाबपछि सोमबारदेखि विद्यालय सञ्चालनमा ल्याउनुपरेको बताए । देउमाई नगरपालिका-९ जितपुरस्थित खान्द्रुङ माध्यमिक विद्यालय पनि आइतबारबाटै सञ्चालनमा आएको छ । इलाम नगरपालिका-५ को अमर माध्यमिक विद्यालयका प्रधानाध्यापक सोम निरौलाले अभिभावकले विद्यालय खुलाउन आग्रह गरे पनि खुल्न अझै केही दिन लाग्ने बताए । अभिभावकसँग छलफल गरेर निर्णय लिने उनको भनाइ छ ।

लामो समय विद्यालय बन्द भएपछि इलाम नगरपालिकाले आन्दोलनमा ऐक्यबद्धता जनाउँदै विद्यार्थीको भविष्य हेरेर विद्यालय खोलाउन आग्रह गर्दै आइतबार विज्ञप्ति निकालेको थियो। नगरप्रमुख केदार थापाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'समयमा विद्यालयमा विद्यार्थी भर्ना नभएका कारण विद्यार्थीको मनोविज्ञानमासमेत असर परिरहेको साथै अभिभावकहरू समेत गम्भीर र संवेदनशील भएको विद्यमान अवस्था र शिक्षा ऐनमार्फत शिक्षकहरूको माग पूरा गर्ने सन्दर्भमा वार्तासमेत भइरहेकाले, विद्यार्थी भर्ना र परीक्षालाई कत्ति पनि असर नहुनेगरी वार्षिक शैक्षिक कार्यक्रमलाई अगाडि बढाउन इलाम नगरपालिकाका वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र सम्पूर्ण सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीमा हार्दिक अपिल गर्दछौं ।'

सूर्योदय नगरपालिकाका नगरप्रमुख रणबहादुर राईले विद्यालय सञ्चालनमा आउन जरुरी रहेको बताए । 'विद्यालय भर्नामा असर नहुनेगरी सिर्जनात्मक आन्दोलन गर्नुपर्छ । संघीय सरकारले वार्ताबाट शिक्षकका माग सम्बोधन गर्नुपर्छ,' उनले भने, 'सामुदायिक विद्यालयका कक्षाकोठा खाली बनाउन मिल्दैन ।'

हिमालय माध्यमिक विद्यालय सूर्योदय नगरपालिका-१ गोर्खेका शिक्षक गणेशकुमार खड्काले शिक्षकहरूको मागलाई सरकारले सम्बोधन गरिदिएर तत्काल विद्यालय खुल्ने वातावरण बनाउनुपर्ने बताए । *रासस*

# गोहीको अण्डा संकलन थालियो

**चितवन (प्रस)–** चितवन राष्ट्रिय निकुञ्जले सोमबारदेखि राप्ती नदीमा रहेका घडियाल गोहीका गुँडबाट अण्डा संकलन सुरु गर्न लागेको छ । निकुञ्जका सूचना अधिकारी अविनास थापा मगरका अनुसार १८ वटा गुँड पहिचान गरी ती गुँडबाट अण्डा संकलन सुरु गर्न लागिएको हो ।

राप्ती नदी क्षेत्रमा गत चैत १ गतेदेखि गुँड खोजी सुरु गरिएको थियो । भेटिएका गुँडबाट अण्डा संकलन सुरु गर्न लागिएको उनको भनाइ छ । यही वैशाख १० गतेसम्म निकुञ्जले राप्ती नदीमा गुँड खोजी गरेको थियो ।

गत वर्ष राप्ती नदीमा भेटिएका १६ वटा गुँडमध्ये आठवटा गुँडबाट अण्डा निकालिएको थियो । यस वर्ष २०० भन्दा बढी अण्डा संकलन हुने अनुमान गरिएको उनले बताए । यस वर्ष राप्ती नदीको पूर्वबाट सुरु अण्डा संकलन गरिने छ । गत वर्ष २४७ वटा अण्डा संकलन गरी कोरलिएको थियो । उनले भने, 'अहिले गुँड धेरै भेटिएकाले यस वर्ष धेरै गुँडको अण्डा निकालिने अनुमान गरेका छौं ।'

निकुञ्जले गोही प्रजनन केन्द्र स्थापना गरेर नदी किनारका जोखिमा रहेका गुँडबाट अण्डा संकलन गरेर प्रजनन केन्द्रमा ल्याएर कोरल्ने गरिन्छ। कोरलिएका बच्चा हुर्काएर पुनः विभिन्न नदीमा छोड्ने गरिएको छ। यहाँ हुर्किएका घडियाल गोही नारायणी, राप्ती, कर्णालीलगायतका नदीमा छाडिँदै आएको छ । पछिल्लो समयमा राप्ती र नारायणीमा मात्रै छाड्ने गरिएको छ। सन् १९७८ मा प्रजनन केन्द्र स्थापना भएपछि गोहीको बच्चा हुर्काएर सन् १९८१ बाट नदीमा छाड्न थालिएको हो ।

# सत्र वर्षदेखि समायोजन भएन स्वदेशी औषधिको मूल्य

**चितवन (प्रस)–** सत्र वर्षदेखि नेपालमा उत्पादित औषधिको मूल्य समायोजन हुन नसक्दा उद्योग सञ्चालनमा समस्या देखिएको छ। आयातीत औषधिको बाहुल्य हुँदा स्वदेशी उद्योगहरूले लागत मूल्य पाउन नसकेको र कतिपय उत्पादन नै बन्द गर्नुपरेको जनाइएको छ ।

नेपाल औषधि उत्पादक संघका पूर्वअध्यक्ष जीनारायणबहादुर क्षेत्रीका अनुसार ३० भन्दा बढी प्रकारका औषधिको मूल्य १७ वर्षदेखि एउटै छ । उनले भने, 'नेपालमा खुलारूपमा आउने भारतीय त्यही प्रकारका औषधिको मूल्य बढी भए पनि यहाँ उत्पादन भएका औषधि सस्तोमा बिक्री गर्नुपर्ने बाध्यता छ । बजारमा बढी माग हुने स्वदेशमा उत्पादित सिटामोल अहिले प्रतिटचाब्लेट रु एकमा बिक्री हुन्छ भने जीवनजल प्रतिप्याकेट १० रूपैयाँमा बिक्री गर्नुपर्छ। अरु उत्पादनको पनि यही समस्या छ ।' उनका अनुसार यी औषधि लागत मूल्यभन्दा कममा बिक्री गर्न व्यवसायी बाध्य छन् ।

विगत १७ वर्षको अवधिमा उद्योग स्थापनाका लागि आवश्यक जग्गाको मूल्य, कच्चा पदार्थको मूल्य, बैंकको व्याज, डलरमा खरिद गर्नुपर्ने हुँदा डलरको भाउ, प्याकेजिङको मूल्य, जनशक्तिको पारिश्रमिकलगायतमा धेरै गुणा वृद्धि हुँदा औषधिको मूल्य नबढेको पूर्वअध्यक्ष क्षेत्री बताउँछन् ।

छिमेकी देश भारतमा समय समयमा औषधिको मूल्य समायोजन हुने भए पनि यहाँ लामो समयसम्म समायोजन हुन नसक्दा उद्योगहरू संकटमा परेको उनी बताउँछन् । यससँगै खुलारूपमा विदेशबाट औषधि आउँदा यहाँका उद्योग मारमा परेका छन् । केही वर्षअघि सरकारले ३० प्रकारका आत्मनिर्भर औषधि आयातमा प्रतिबन्ध लगाउन प्रयास गरे पनि सफल हुन नसकेको बताइएको छ।

उनले भने, '१० भन्दा बढी नेपाली उद्योगले उत्पादन गर्ने औषधि पनि बाहिरबाट ल्याएपछि यहाँका उद्योग कसरी टिक्छन् ?' नेपाल औषधि उत्पादक संघका अध्यक्ष महेश प्रधान १७ वर्षदेखि औषधिको मूल्य समायोजन हुन नसक्नु, देशकै उद्योगले आवश्यक मात्रामा उत्पादन गर्न सक्ने औषधि विदेशबाट ल्याउन दिनु, उद्योग स्थापना गर्दा आयात हुने सामग्रीमा ५६ प्रतिशतसम्म भन्सार तिर्नुपर्ने, सरकारी सहुलियत कुनै क्षेत्रमा नहुनुलगायतका कारण यहाँका उद्योग धराशायी बन्दै गएको बताउँछन् ।

# सुस्ता झोलुंगे पुल जोखिममा

**नवलपरासी (प्रस)–** पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-५ स्थित झोलुंगे पुल जोखिममा रहेको छ। झोलुंगे पुलमा दैनिक क्षमताभन्दा बढी व्यक्ति ओहोरदोहोर गर्न थालेपछि पुल जोखिममा परेको सुस्ता बचाउ अभियानका उपाध्यक्ष आदम खानले बताए ।

उनले भने, 'क्षमताभन्दा बढी व्यक्ति र मोटरसाइकल कुदाउँदा पुल जीर्ण बनेको छ ।' सम्बन्धित निकायले निगरानी नगर्दा समस्या भएको उनको भनाइ छ ।

नारायणी नदीमा बनेको झोलुंगे पुलबाट नदी र त्यस वरपरको मनोरम दृश्य हेर्न उल्लेख्य मात्रामा आन्तरिक पर्यटक आउने गरेका छन् । पछिल्लो समय भारतीय पर्यटकको रोजाइमा समेत सुस्ताको झोलुंगे पुल परेको छ । पर्यटकका लागि भन्दा पनि सुस्तावासीलाई सहजता प्रदान गर्न पुल निर्माण गरिएको सुस्ता गाउँपालिकाका अध्यक्ष टेकनारायण उपाध्ययले बताए । गाउँपालिकाले पुलको हेरचाहका लागि नगर प्रहरी परिचालन गरेको उनले बताए ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुमलाल भुसालका अनुसार गाउँपालिकाले पुल सञ्चालन तथा रेखदेख गर्न गत वर्ष ठेक्का आह्वान गरे पनि अघि बढ्न सकेन। '१५ महिनाका लागि नौ लाख रूपैयाँमा ठेक्का आह्वान गरेका थियौं। कोहीको पनि निवेदन नपरेपछि पुनः आह्वानको तयारी गरिरहेका छौं,' उनले भने। २३ करोड रूपैयाँको लागतमा नारायणी नदीमाथि पुल निर्माण गरिएको हो। उक्त पुलको लम्बाइ एक हजार ५७१ मिटर र चौडाइ एक मिटर ६० सेन्टिमिटर रहेको छ।


**Lungri Rural Municipality**
**Office of Rural Municipality Executive**
**Badachaur, Rolpa**
**Lumbini Province**

**Invitation for E-Bids**

**Date of Publication: 29-04-2025 00:00**

1. The Lungri Rural Municipality, Rolpa invites NCB and SQ from registered contractors for the following procurements. Eligible Bidders can obtain information and inspect Bidding Documents at the Office of Lungri Rural Municipality, Badachaur, Rolpa, or visit www.bolpatra.gov.np/egp.

| S. N. | Contract ID | Project Name | Estimated Amount (with VAT) NRs. | Bid Security Rs. | Bid Fee Rs. (Non-refundable) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | LRM/ROL/G/ NCB/13/2081/082/LISP | Procurement and Supply of Water Supply and Sanitation Items For Lungri Rural Municipality. | 35,47,498.83/- | 90,000.00/- | 3,000/- | NCB |
| 2 | LRM/ROL/G/ SQ/14/2081/2082 | Supply And Installation of Cold Storage Items for Lungri Rural Municipality. | 15,03,956.55 | 42,000.00/- | 1,000/- | SQ |

**Chief Administrative Officer**

प्रभाव दैनिक

रूपशाला

## 'बार्दली' को हिन्दी संस्करण बजारमा



भारतीय संगीत कम्पनी 'टि सिरिज'ले नेपाली गायक सुशान्त केसीको बहुचर्चित गीत 'बार्दली'को हिन्दी संस्करण सार्वजनिक गरेको छ । टि-सिरिजले सोमबार आफ्नो युट्युब च्यानलमा गीत रिलिज गरेको थियो । रिलिज गरेको ३ घन्टामै गितले १ लाख ९४ हजार भन्दा बढी भ्यूज पाएको थियो । हिन्दी भर्सनमा गीतको टाइटल 'उफ' राखिएको छ । गीतको भिडियोमा सुशान्तको साथमा अभिनेत्री स्वस्तिमा खड्कालाई देख्न सकिन्छ । भिडियोको सेटिङ एउटै छ । तर यसमा नेपालीमा आएको गितमा खेलाइएका अन्य कलाकारलाई देखाइएको छैन ।

मंगलबार, १६ वैशाख २०८२ (Tuesday, April 29, 2025)

# अमेरिकाको सात सहरमा नेपथ्य



■ प्रभाव संवाददाता

**काठमाडौं–** केही अगाडि अष्ट्रेलियाको सात सहरमा भव्य प्रस्तुतिलगत्तै उपत्यकाको गोकर्णेश्वरमा प्रस्तुत भएको नेपथ्यले अब अमेरिकाको सात सहरमा कन्सर्ट गर्ने भएको छ । संगीतमा रमाउने संसारभरिका श्रोता दर्शकहरूलाई नेपालीपनका माध्यमबाट जोड्दै आएको अग्रणी ब्यान्ड नेपथ्य अमेरिकाको शृंखलाबद्ध सांगीतिक यात्रामा निस्कँदै छ ।

अमेरिकामा नेपथ्यले यो सातौंपटक आफूलाई उभ्याउन लागेको हो । गत वर्ष पनि ब्यान्डले डेढ महिना लगाएर उक्त मुलुकको पूर्वीदेखि पश्चिमी किनारासम्मका सात वटा सहरमा शृंखलाबद्ध प्रस्तुति दिएको थियो । यसपटक सात नयाँ सहरमा नेपथ्य प्रस्तुत हुँदैछ ।

ब्यान्डले आगामी मे १७ तारिख टेक्सास राज्यको राजधानी अस्टिनमा आफूलाई उभ्याउने छ । उक्त सहरस्थित 'इमोज् अस्टिन' हलमा शृंखलाबद्ध यात्राकै पहिलो प्रस्तुति हुनेछ ।

त्यसपछिको दोस्रो प्रस्तुतिका लागि ब्यान्ड दक्षिणवर्ती राज्य टेक्सासबाट एकै पटक क्यानडासँग सिमाना जोडिएको उत्तरी किनारा वासिङ्टन राज्य पुग्नेछ । उक्त राज्यको सियाटल सहरमा मे २३ तारिखका दिन नेपथ्य प्रस्तुत हुनेछ । तेस्रो प्रस्तुतिका निम्ति भने ब्यान्ड फेरि थोरै तल ओर्लिएर क्यालिफोर्निया राज्यको सर्वाधिक जनसंख्या ओगटेको सहर लस एन्जलस पुग्नेछ । सिनेमा निर्माणका लागि विश्वमै अग्रणी मानिने हलिउड अटाएको यो सहरमा मे २६ तारिखका दिन यहाँ स्थित 'हाउस अफ ब्लुज' मा ब्यान्डले लोक रक गीत सुनाउनेछ ।

त्यसपछि ब्यान्ड पेन्सिलभेनिया राज्यतर्फ प्रस्थान गर्नेछ । त्यहाँस्थित पिट्सबर्ग सहरलाई यसपटक नेपथ्यले चयन गरेको छ ।

त्यसपछि भने ब्यान्ड पाँचौं प्रस्तुतिका लागि फेरि उत्तरतर्फ उक्लेर सिकागो सहर पुग्नेछ । त्यहाँस्थित 'दी भिक थिएटर'मा जुन ७ तारिखका दिन नेपथ्य कन्सर्ट तोकिएको छ । अमेरिकाकै तेस्रो ठुलो जनसङ्ख्या समेटेको यो सहर 'सिकागो सिम्फोनी अर्केष्ट्रा' जस्ता संस्थाहरूको उपस्थितिका बिच कला र संस्कृतिका लागि पनि उत्तिकै प्रसिद्ध छ ।

सिकागोमा नेपथ्यका गीतहरू सुनाएपछि ब्यान्ड म्यासाचुसेट्स राज्यको राजधानी बोस्टन सहरतर्फ लाग्नेछ । सन् १६३५ मा अमेरिकाकै पहिलो स्कुल 'बोस्टन ल्याटिन स्कुल' स्थापनाको श्रेय पाएको यो सहर यतिबेला उच्च शिक्षाका लागि विश्वकै केन्द्र मानिन्छ । हार्वर्ड र एमआइटी जस्ता विश्वकै अग्रणी शिक्षालयहरू यसै सहरका देन हुन् । यस सहरको 'रोयल बोस्टन' हलमा नेपथ्य जुन ११ तारिखका दिन प्रस्तुत हुनेछ ।

नेपथ्यले अमेरिका यात्राकै अन्तिम प्रस्तुति जुन १४ तारिखमा 'थिसरी अपडमोन्ट हल'मा दिनेछ । यसपाला अमेरिका यात्राको संयोजन 'मोमो इन्टरटेनमेन्ट' र 'के गरिरा' ले संयुक्त रूपमा सम्हाल्ने भएको छ । नेपथ्यसँगै ब्यान्डको व्यवस्थापन र प्राविधिक टोली पनि अमेरिका प्रस्थान गर्दै छ ।

मञ्चमा भने मुख्य गायक तथा अगुवा अमृत गुरुङलाई ड्रमसेटमा ध्रुव लामा, बेस गितारमा सुबिन शाक्य, गितारमा निरज गुरुङ, मादलमा शान्ति रायमाझी र किबोर्डमा दिनेशराज रेग्मीले सघाउने छन् ।

# 'होस्टेल ३' को ५१ औं दिन पूरा

**काठमाडौं (प्रस)–** गत फागुन २३ गतेदेखि प्रदर्शनमा आएको नेपाली फिल्म 'होस्टेल ३'ले काठमाडौंको न्यूरोडस्थित रञ्जना सिनेमा हलमा लगातार ५१ औं दिन पूरा गरेको छ । यस अवसरमा ५१ औं दिनको प्रदर्शनको उपलब्धिलाई स्मरणीय बनाउन विशेष कार्यक्रम गर्दै सोमवार फिल्मका कलाकार तथा युनिटलाई प्रशंसा पत्र प्रदान गरेको छ ।

कार्यक्रममा फिल्मका कलाकार पारस बम (कुलब्वाय), सिम्रन पन्त, हेना नगरकोटी, आशिष घिमिरे र सन्तोष बानियाँ, केदार घिमिरे, पदम तामाङ, रिहान गिरी, समा पराजुली र उमर खान लगायत सहभागी थिए ।

कार्यक्रममा निर्देशक सशान कँडेलले शनिवार नै ५१औं दिन पूरा गरे पनि विभिन्न कारणले दुई दिन ढिला गरी कार्यक्रम आयोजना गरिएको बताए । कार्यक्रममा फिल्ममा विशेष भूमिका निभाएका लोकप्रिय कलाकार केदार घिमिरे पनि सहभागी भएका थिए । उनले 'होस्टेल ३'मा अभिनय गरेका नयाँ कलाकारहरूको पहिलो फिल्म नै सफल भएकोमा खुसी व्यक्त गर्दै, आफ्नो छोरा आशिष घिमिरेसहित अन्य कलाकारहरूको सफलताले आफू भावुक बनेको बताए ।

फिल्ममा पारस बम 'कुलब्वाय', सिम्रन पन्त, आशिष घिमिरे, पदम तामाङ, हेना नगरकोटी, रिहान गिरी, समा पराजुली लगायतको मुख्य भूमिका छ । प्रवीण खतिवडाले वार्डेनको भूमिका निभाएका छन् ।

फिल्मका कार्यकारी निर्माता सुरेश कँडेल, कर्ण कार्की र गोविन्द अधिकारी हुन् भने सह-निर्मातामा शिशिर ज्ञवाली, अनीश सिग्देल, कुन्दन गुप्ता र गणेश मगर रहेका छन् । शङ्कर कोइराला कार्यकारी निर्माता हुन् भने कोसिस राज क्षेत्री लाइन प्रोड्युसर हुन् ।

# राईको 'जार' कथामा आधारित चलचित्र आउँदै



■ प्रभाव संवाददाता

**काठमाडौं–** साहित्यकार इन्द्रबहादुर राईको कथामा आधारित चलचित्र 'जार' आफ्नो लागि विशेष रहेको अभिनेता सौगात मल्लले बताएका छन् । यही वैशाख २६ देखि सार्वजनिक प्रदर्शन हुने सो चलचित्रको प्रचारप्रसारका क्रममा अभिनेता मल्लले साहित्यकार राईले लेखेको कथा मन परेकाले रंगमञ्चमा धेरै पटक अभ्यास गरेको बताए ।

'यो कथाको विभिन्न पात्रका बारेमा धेरै पटक कल्पना गरेको छु, खासमा मैले पहिल्यै यो कथा पढेको थिएँ । त्यतिबेला कथाको पात्रजस्तो हालत भयो भने के हुन्छ होला भन्ने लाग्थ्यो । असाध्यै मन परेपछि अभिनय गरेको यो चलचित्र कहिले चल्ला भनी पर्खी बसिरहेको छु', अभिनेता मल्लले भने ।

उनले यो चलचित्रलाई लिएर सम्पूर्ण समूह नै उत्साहित रहेको बताए । छायांकनदेखि प्रदर्शन हुने समय नजिकिँदै गर्दा अर्का अभिनेता अनुपविक्रम शाही निकै उत्साहित रहेको अभिनेता मल्लले महसुस गरेका छन् । 'छायांकनको समयमा हाम्रो बसाइ नजिकै थियो, रातभर अभिनेता शाहीले आफ्नो भूमिकाको अभ्यास गर्थे । उनले यस्तो मेहनत यसअगाडि गरेको थाहापाएको छैन । यसकारण यो मेरा लागि मात्र नभई सबै कलाकारका लागि खास छ', अभिनेता मल्लले भने ।

सन् १८०० को दशकमा नेपाली समाजमा घटेको यथार्थ घटनामा आधारित चलचित्रमा काम गर्ने आफ्नो सपना पूरा भएको अभिनेता शाहीले जानकारी दिए । उनले भने, 'मैले कलाकारिताको यात्रामा सबैभन्दा बढी मेहनत गरेको 'पात्र' यही हो । किनकि यसमा मैले आफ्नो व्यक्तित्वलाई परिवर्तन गर्नाका साथै लवजमा समेत काम गरेको छु । यो मैले अभिनयका लागि सम्झिने चलचित्र बनेको छ ।'

चलचित्रमा अभिनेताद्वय मल्ल र शाहीसँगै अभिनेत्री गिताञ्जली थापा मुख्य भूमिकामा छन् । निर्देशक फुर्वाछिरिङ लामाले साहित्यकार राईको कथाअनुसार चलचित्र तयार भएको जानकारी दिए । उनले भने, 'हामीले कथा पढेका पाठकको भावनालाई ध्यानमा राखेर चलचित्र तयार गरेका छौं । यो कथा पढ्नुभएका र नयाँ दर्शक दुवैलाई हुने किसिमले चलचित्र तयार गरेका छौं । यसको पात्रलाई कलाकारले जीवन्त बनाउन गर्नुभएको मेहनतले म जस्तो नयाँ चलचित्रकर्मीलाई ऊर्जा मिलेको छ ।' उक्त चलचित्र निर्माण गर्न करिब चार वर्ष लागेको निर्देशक लामाले जानकारी दिए । भारतको सिक्किममा छायांकन गरिएको सो चलचित्रको अखिलेश राईले सम्पादन तथा झुमा लिम्बू र गंगा थापाले संगीत सृजना गरेका छन् ।



# नेपाललाई छ स्वर्णसहित आठ पदक



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली खेलाडीले दुबइ बुदोकान कप अन्तर्राष्ट्रिय कराते प्रतियोगितामा ६ स्वर्ण र दुई रजत गरी आठ पदक जितेका छन् ।

नेपाल सितोरियो कराते संघका सचिव समेत रहेका टिम प्रशिक्षक प्रेमलाल बमजनका अनुसार अन्जन तामाङ, लक्ष्मण बराल, उषाकुमारी थापा दास, सुशान्त तामाङ, देवराज श्रेष्ठ र विशाल केसीले स्वर्ण जिते ।

अप्रिल २६ देखि २७ तारिखसम्म भएको प्रतियोगितामा स्मिका विक र सावन लामाले रजत हात पारे । प्रतियोगितामा बूढानीलकण्ठ डोजोका खेलाडीले सहभागिता जनाएका हुन् ।

टोली मंगलबार स्वदेश फर्किदैछ । प्रतियोगितामा नेपालसहित भारत, युएइ, काजाकिस्तान, उज्वेकिस्तान, श्रीलंका, फिलिपिन्स, र बंगलादेशको सहभागिता छन् ।

# बलियो प्रतिद्वन्द्वीसँग देवकी पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली खेलाडी देवकीमाया श्रेष्ठ एसियाली जुडो च्याम्पियनसिपमा बलियो प्रतिद्वन्द्वी मंगोलियाकी नान्दिन इर्दिने म्यागमारसुरेनसँग पराजित भएकी छन् ।

थाइल्यान्डको बैंकमा भएको प्रतियोगितामा महिला ५२ केजीमुनिको प्रतिस्पर्धामा देवकी विश्व च्याम्पियनसिपकी कांस्य विजेता नान्दिनसँग पराजित भएकी हुन् । उत्कृष्ट प्रदर्शन गर्दै पूरा समय खेलेकी देवकी गोल्डेन स्कोरमा पराजित भएको प्रशिक्षक मोहन सुनुवारले जानकारी दिए । बन्दी सहायता नियोग (पाम) की उत्पादन देवकी विश्ववरीयतामा ३०४औं तथा नान्दिन ७५औं स्थानमा छन् ।

अप्रिल २५ देखि २७ तारिखसम्म भएको प्रतियोगितामा देवकीसहित नेपालबाट छ खेलाडीले सहभागिता जनाएका थिए । महिला ५७ केजीमुनि ओलम्पियन मनीता श्रेष्ठ प्रधानले पहिलो चरणमा फिलिपिन्सकी खेलाडीलाई पराजित गरिन् भने दोश्रो चरणमा काजाकिस्तानकी खेलाडीसँग चुकिन् । महिला ७० केजीमुनि प्रतिस्पर्धामा भारतीय खेलाडीले रञ्जना खड्कालाई पाखा लगाइन् । पुरुष ६० केजीमुनि प्रतिस्पर्धामा विकास विकले तुर्कमिनिस्तानका खेलाडीलाई पराजित गरे भने दोश्रो चरणमा बहराइनका खेलाडीसँग पछि परे । यस्तै, ६६ केजीमुनिको स्पर्धामा विशेष विक तुर्कमिनिस्तान र ९० केजीमुनिमा विपिन तामाङ भियतनामका खेलाडीसँग पराजित भए ।

# नेपाल यु-२० महिला एसियन कप छनोटमा समूह 'ए' मा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल एएफसी यु-२० महिला एसियन कप छनोटमा उत्तर कोरियासँगै समूह 'ए' मा परेको छ । एसियाली फुटबल महासंघ (एएफसी)को मलेसियास्थित क्वालालम्पुर हाउसमा भएको 'ड्र' मा नेपाल समूह 'ए' मा परेको हो । यो समूहमा यी दुई टोलीसँगै भुटान, मंगोलिया र साउदी अरब छन् । यो समूहको खेल भुटानमा हुनेछ ।

यो प्रतियोगिता सन् २०२१ सम्म एएफसी यु-१९ महिला एसियन कपको नाममा हुँदै आएको थियो । २०२२ देखि भने एएफसी यु-२० महिला एसियन कपमा गर्न लागिएको हो । अगस्ट २ देखि १० सम्म हुने छनोटमा २३ राष्ट्र सहभागी हुनेछन् । 'ड्र' मार्फत आठ समूह विभाजन गरिएको छ । सात समूहमा चार/चार टोली छन् । एक समूहमा भने



पाँच टोली छन् ।

छनोट चरणका खेलहरू भुटान, चीन, लाओस, मलेसिया, म्यानमार, ताजिकिस्तान, उज्बेकिस्तान र भियतनाममा हुनेछ । हरेक समूहका विजेता अर्थात आठ टोली र तीन उत्कृष्ट टोलीले १ देखि १८ अप्रिल, २०२६ सम्म थाइल्यान्डमा हुने प्रतियोगितामा स्थान बनाउने छन् ।

एएफसी एसियन कप छनोट

# हङकङ र लाओसविरूद्ध नेपाली प्रारम्भिक टोली

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी जुनमा हुने हङकङसँगको मैत्रीपूर्ण खेल र एएफसी एसियन कप छनोट अन्तर्गत लाओस विरुद्धको खेलका लागि नेपालको प्रारम्भिक फुटबल टोली घोषणा भएको छ । मुख्य प्रशिक्षक म्याट रोसले प्रारम्भिक चरणमा ३० खेलाडीको नाम घोषणा गरेको अखिल नेपाल फुटबल संघ एन्फाले जनाएको छ । नेपालले हङकङसँग जुन ५ मा मैत्रीपूर्ण खेल खेल्दैछ भने जुन २० मा एसियन कप छनोट अन्तर्गत लाओससँग खेल्दैछ ।

प्रारम्भिक चरणमा छनोट भएका खेलाडीलाई यही वैशाख १७ गते एन्फा कम्प्लेक्समा रिपोर्ट गर्न एन्फाले आग्रह गरेको छ । भखरै सम्पन्न नेपाल सुपर लिगमा पोखरा थण्डर्सका लागि २०२५ मा उत्कृष्ट प्रदर्शन गरेका युवा फरवार्ड समिर तामाङसँगै डिफेण्डर पदम भट्टराई, च्याम्पियन ललितपुर सिटीका आदित्य शाक्य प्रारम्भिक चरणमै टिममा परेनन् । यस्तै पछिल्लो पटक सिंगापुरसँगको मैत्रीपूर्ण खेल र एसियन कप छनोटमा मलेसियासाग खेल्ने टिममा परेका डिफेण्डर रनदिप पौडेल, फरवार्ड भरत खवास र रेजिन सुब्बा भने यस पटक प्रारम्भिक चरणमा समावेश छैनन् । भरत र रेजिनले नेपाल सुपर लिग खेलेनन् भने रनदिपको प्रदर्शन राम्रो हुन सकेन ।

**प्रारम्भिक टोली**:

**गोलकिपर**: एन्जल श्रेष्ठ, विशाल सुनार, दीप कार्की, किरण चेम्जोङ

**डिफेण्डर** : अभिषेक लिम्बु, अमृत श्रेष्ठ, अनन्त तामाङ, विमल पाण्डे, कुलदिप कार्की, सनिश श्रेष्ठ, सुमन श्रेष्ठ, योगेश गुरुङ

**मिडफिल्डर** : एरिक विष्ट, आयुष घलान, कृतिश रत्न छुन्जु, कुशल देउबा, लकेन लिम्बु, मणि कुमार लामा, मनिष डाँगी, रोहन कार्की, रोहित चन्द, सन्तोष खत्री, सृजन राज, सुदिप गुरुङ, सुमित श्रेष्ठ, सुरज ज्यु ठकुरी

**फरवार्ड** : अन्जन विष्ट, जिलेस्पीजंग कार्की, निराजन धामी, सुवास बम ठकुरी



वेस्ट बैंक सहरको पश्चिमी किनारमा अवस्थित हेब्रोनमा घरहरू भत्काउने क्रममा परिचालित इजरायली सेना । इजरायलको अनुमतिविना बनाइएको भन्दै यहाँका घरहरू भत्काइएको बताइएको छ । *तस्बिरः सिन्ह्वा*

# अमेरिकासँगको व्यापार गतिरोधमा ‘इतिहासको सही पक्ष’ रहेको चीनको भनाइ

**बेइजिङ–** चीनका एक उच्च आर्थिक अधिकारीले सोमबार बेइजिङ संयुक्त राज्य अमेरिकासँगको कठिन व्यापार युद्धमा ‘इतिहासको सही पक्षमा’ रहेको बताएका छन् ।

जनवरीमा राष्ट्रपति पदमा फर्केपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अधिकांश अमेरिकी व्यापारिक साझेदारहरूमा १० प्रतिशत भन्सार शुल्क र चीनबाट आउने धेरै उत्पादनहरूमा छुट्टै १४५ प्रतिशतको भन्सार शुल्क लगाएका छन् । बेइजिङले अमेरिकी वस्तुहरूमा आफ्नै १२५ प्रतिशत भन्सार शुल्क लगाएर जवाफ दिएको छ ।

बेइजिङमा एक पत्रकार सम्मेलनमा बोल्दै वरिष्ठ आर्थिक योजनाकार झाओ चेन्सिनले बेइजिङ ‘इतिहासको सही पक्षमा’ रहेको बताए । पत्रकार सम्मेलनमा अधिकारीहरूले गतिरोधको प्रभावबाट चीनको कमजोर अर्थतन्त्रलाई बचाउन थप कदमहरू चाल्ने प्रतिबद्धता जनाएका थिए ।

‘हामी दृढतापूर्वक विश्वास गर्छौं कि यदि तपाईं विश्व र सत्यको विरुद्ध हुनुहुन्छ भने तपाईंले आफूलाई मात्र अलग्याउनु हुने छ,’ झाओले भने, ‘विश्वसँग र नैतिकतासँग यात्रा गरेर मात्र हामी भविष्य जित्न सक्छौं ।’

वासिङ्टनको ‘एकपक्षीय र धम्कीपूर्ण व्यवहार’ को निन्दा गर्दै उनले भने, ‘संयुक्त राज्य अमेरिकाले हावामा कार्ड खेल्छ, धम्की दिन्छ र आफ्नो शब्दमा फर्कन्छ ।’

अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले आइतबार ट्रम्पको हलचल मच्चाउने भन्सार शुल्क नीतिको बचाऊ गरे । उनले यसलाई ‘रणनीतिक अनिश्चितता’ सिर्जना गर्ने माध्यमका रूपमा बताए । दर्जनौं देशले वासिङ्टनसँग सम्झौता गर्न र उच्च, देश-विशिष्ट दरहरूबाट बच्न जुलाईमा समाप्त हुने ९० दिनको समयसीमा सामना गर्नुपरेको छ । यद्यपि बेइजिङले ‘अन्त्यसम्म’ व्यापार युद्ध लड्ने वाचा गरेको छ र वासिङ्टनसँग वार्ता गरिरहेको अमेरिकी दाबीलाई अस्वीकार गरेको छ ।

तर उसले विश्वव्यापी आर्थिक परिवर्तनहरूले लामो समयदेखि निर्यातमा निर्भर आफ्नो अर्थतन्त्रलाई तनाव दिएको स्वीकार गरेको छ । ‘बाह्य दबाबहरू बढ्दै छन्,’ चीनको श्रम मन्त्रालयका यु जियाडोङले सोमबार भने, ‘अमेरिकाले लगातार उच्च भन्सार शुल्क उपायहरू लागू गर्नाले केही निर्यातउन्मुख कम्पनीहरूका लागि उत्पादन र सञ्चालन चुनौतीहरू सिर्जना गरेको छ र केही कामदारहरूको रोजगारीमा प्रभाव पारेको छ ।’

### सी र ट्रम्पबीच हालै ‘कुनै फोन कल’ भएको छैन

यसैबीच बेइजिङले सोमबार राष्ट्रपति सी चिनफिङ र उनका अमेरिकी समकक्षी ट्रम्पबीच हालै ‘कुनै फोन कल’ नभएको जोड दिएको छ । ट्रम्पले चिनियाँ राष्ट्रपति सीसँग कुरा गरेको बताएपछि बेइजिङको यस्तो टिप्पणी आएको हो ।

विश्वका दुई सबैभन्दा ठूला अर्थतन्त्र ट्रम्पले चिनियाँ वस्तुहरूमा लगाएको भन्सार शुल्कले सुरु भएको बढ्दो प्रतिशोधात्मक व्यापार लडाइँमा अल्झिएका छन् । यो धेरै उत्पादनहरूमा १४५ प्रतिशतसम्म पुगेको छ ।

अप्रिल २२ मा टाइम म्यागजिनसँग गरिएको र शुक्रबार प्रकाशित अन्तर्वार्तामा ट्रम्पले बेइजिङले कडा व्यापार विवादमा दुई देशबीच कुनै सम्पर्क भएको अस्वीकार गरे पनि चिनियाँ नेता सीले आफूलाई फोन गरेको दाबी गरे । अमेरिकी राष्ट्रपतिले कल कहिले भएको थियो वा के कुरा भएको थियो भनेर खुलाएनन् ।

‘जहाँसम्म मलाई थाहा छ, हालै दुई राष्ट्रप्रमुखबीच कुनै फोन कल भएको छैन,’ सोमबार टिप्पणीको बारेमा सोधिएको प्रश्नमा विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले भने, ‘चीन र संयुक्त राज्य अमेरिकाले भन्सार शुल्क मुद्दाहरूमा परामर्श वा वार्ता गरिरहेका छैनन् ।’ *रासस/एएफपी*

# यमनमा अमेरिकी आक्रमण तीव्रः ८०० भन्दा बढी हवाई हमला, ६८ जनाको मृत्यु



**काठमाडौं–** यमनमा हुथी विद्रोहीहरूविरुद्ध अमेरिकी सेनाले हाल एक महिना लामो सैन्य अभियान सञ्चालन गरिरहेको छ, जसअन्तर्गत अहिलेसम्म ८०० भन्दा बढी हवाई आक्रमण गरिएका छन् ।

अमेरिकी सेनाको केन्द्रीय कमाण्डले दिएको जानकारीअनुसार, यी आक्रमणहरूमा सयौं हुथी लडाकु र नेताहरू मारिएका छन्, यद्यपि उनीहरूको नाम भने सार्वजनिक गरिएको छैन ।

### हुथी विद्रोहीहरूको उत्पत्ति

हुथी विद्रोहीहरू, जसलाई अन्सार अल्लाह पनि भनिन्छ । यमनमा सक्रिय शिया मुस्लिम जैदी सम्प्रदायसँग सम्बन्धित एक सशस्त्र विद्रोही समूह हो । सन् १९९० को दशकमा सादा प्रान्तबाट सुरु भएको यो समूहले शिया समुदायको अधिकार र यमनमा राजनीतिक सुधारको माग गर्दै संघर्ष थालेको थियो । सन् २०१४ मा यमनको राजधानी साना कब्जा गरेपछि उनीहरू देशको प्रमुख शक्तिको रूपमा उदाएका हुन् । इरानबाट सहयोग प्राप्त गरेको आरोप लाग्दै आएको यस समूहसँग हाल साउदी अरब नेतृत्वको गठबन्धन र अमेरिका लगातार संघर्षमा छन् । हुथीहरूले हाल रेड सागरमा अन्तर्राष्ट्रिय जलयातायात र इजरायलमाथि आक्रमण गर्दै अन्तर्राष्ट्रियस्तरमा चुनौती खडा गरिरहेका छन् ।

### रातको आक्रमणमा ठूलो क्षति

हुथी समूहले जनाएअनुसार, राजधानी साना नजिकैको क्षेत्रहरूमा भएको पछिल्लो रातको अमेरिकी हवाई आक्रमणमा कम्तीमा ६८ जनाको ज्यान गएको छ । यी आक्रमणहरू अमेरिकाले हुथी समूहका मिसाइल र ड्रोन कार्यक्रमका आधारहरूमा लक्षित गरी गरेको दाबी गरिएको छ ।

### हालसम्मको सबैभन्दा घातक आक्रमण

अप्रिल १८ मा भएको अमेरिकी आक्रमण रस इसा इन्धन बन्दरगाहमा लक्षित थियो, जसमा ७४ जनाको मृत्यु र १७१ जना घाइते भएको हुथीहरूले बताएका छन् । यो अहिलेसम्मको सबैभन्दा घातक हमला मानिएको छ । अमेरिकी सेनाले बन्दरगाहमा इन्धन आपूर्ति बन्द गर्न आक्रमण गरिएको जनाउँदै यो हमला हुथीहरूको आर्जन स्रोत रोक्न गरिएको जनाएको छ ।

### आक्रमणको कारण

अमेरिका अनुसार, हुथी समूहले रेड सागरमा हुने अन्तर्राष्ट्रिय व्यापारिक जलयातायात र इजरायलमाथि हमला गरी क्षेत्रीय सुरक्षामा खतरा पैदा गरिरहेको छ । अमेरिकाले आफ्नो ‘स्वतन्त्र नौवहन अधिकार’ कायम राख्न र हुथीहरूको आक्रमणलाई रोक्न आफूले दबाब बढाइरहेको स्पष्ट पारेको छ ।

### इरानको सहयोगमा हुथीहरू

अमेरिकाले स्पष्टरूपमा इरानलाई हुथी लडाकुहरूलाई निरन्तर समर्थन गरिरहेको आरोप लगाएको छ । केन्द्रीय कमाण्डको वक्तव्यमा भनिएको छ, ‘इरानको समर्थनविना हुथीहरूले निरन्तर हमला गर्न सक्दैनन् ।’

### सूचना नियन्त्रण

हुथी समूहले आफ्नो नियन्त्रणमा रहेको क्षेत्रहरूबाट बाह्य सूचना प्रवाह रोक्न कदम चालेको छ । आइतबार हुथी समूहले साटलिंक इन्टरनेट उपकरणहरू (उपग्रहमार्फत इन्टरनेट सेवा) प्रयोग नगर्न र यस्ता उपकरणहरू तुरुन्तै सुरक्षासम्बन्धी निकायलाई बुझाउन आदेश दिइएको छ ।

हुथीहरूले चेतावनी दिँदै भनेका छन्, ‘यदि कसैले यस्ता उपकरण बेचबिखन, प्रयोग, स्थापना, सञ्चालन वा नियन्त्रण गरेको पाइएमा, कडा कानुनी कारबाही हुने छ ।’

### सैन्य तयारी

अमेरिकाले यो सैन्य अभियान रेड सागरमा रहेका ‘युएसएस हचारी एस. ट्रुम्यान’ र अरब सागरमा रहेका ‘युएसएस कार्ल भिन्सन’ नामका दुई विमानवाहक युद्धपोतहरूबाट सञ्चालन गरिरहेको छ ।

### सन् २०२२ को हमला पृष्ठभूमिमा

सन् २०२२ मा युएईको अबुधाबी नजिक हुथीहरूले मिसाइल र ड्रोनबाट हमला गर्दा तीन जनाको मृत्यु भएको थियो । त्यसपछि हुथी र अमेरिका समर्थित गठबन्धनबीचको संघर्ष अझै चर्किएको हो ।

युद्धले लामो समयदेखि यमनलाई मानवीय संकटमा पारेको छ, जहाँ लाखौं नागरिकहरू खाद्य, पानी र स्वास्थ्य सेवाको अभावमा छन् । *रासस/एपी*

# नोबेल पुरस्कार विजेताहरूद्वारा ट्रम्प र पुटिनलाई भेट्न आग्रह





**जेनेभा–** आणविक हतियारहरू निर्मूल गर्न अभियान चलाइरहेका नोबेल शान्ति पुरस्कार विजेता तीन समूहले सोमबार संयुक्तरूपमा अमेरिकी र रुसी राष्ट्रपतिलाई भेट्न र महत्त्वपूर्ण आणविक निःशस्त्रीकरणमा सहमत हुन आग्रह गरेका छन् ।

यो संयुक्त अपिल गत वर्षको नोबेल पुरस्कार विजेता जापानको आणविक बम बचेकाहरूको समूह निहोन हिदान्क्यो; सन् २०१७ को विजेता अन्तर्राष्ट्रिय आणविक हतियार उन्मूलन अभियान (आइसिएएन); र सन् १९८५ को विजेता, आणविक युद्ध रोकथामका लागि अन्तर्राष्ट्रिय चिकित्सकहरूबाट आएको थियो ।

उनीहरूले दुई नेतालाई एउटा संयुक्त पत्र पठाएको कुरा आइसिएएनले सोमबार एक विज्ञप्तिमा जनाएको छ । ‘चरम आणविक खतराको यस क्षणमा हामी तपाईंहरूलाई तनाव कम गर्न र आणविक निःशस्त्रीकरणका लागि अर्थपूर्ण वार्तामा संलग्न हुन तत्काल कदम चाल्न आह्वान गर्दछौं,’ उनीहरूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उनका रूसी समकक्षी भ्लादिमिर पुटिनलाई पत्र लेखेका छन् ।

यी दुई देशले विश्वको ९० प्रतिशत आणविक हतियार नियन्त्रणमा लिएका छन् । जनवरीमा सत्तामा फर्किएपछि ट्रम्पले विश्वलाई ‘आणविक निःशस्त्रीकरण’ गर्न चाहेको र क्रेमलिनले उक्त विचारप्रति खुलापन व्यक्त गरेको ट्रम्पको सुझावपछि उनीहरूलाई पत्र लेख्न प्रेरित गरिएको समूहले जनाएको छ ।

‘आणविक हतियार वरपरको हालको वातावरण दशकहरूमा सबैभन्दा अस्थिर छ,’ उनीहरूले सम्भावित ‘सबै मानवजातिका लागि विनासकारी परिणामहरू’ को चेतावनी दिँदै भने । नोबेल पुरस्कार विजेताहरूले आफ्नो पत्रमा दुई नेतालाई आफ्ना पूर्ववर्ती रोनाल्ड रेगन र मिखाइल गोर्बाचोभले स्थापित गरेको उदाहरण अनुशरण आह्वान गरेका छन् ।

तत्कालीन अमेरिकी र सोभियत राष्ट्रपतिहरू शीतयुद्धको समयमा सन् १९८६ मा आइसल्याण्डमा भेटेका थिए र आफ्ना देशहरूको आणविक शक्तिमा अहिलेसम्मकै सबैभन्दा गहिरो कटौती गर्न सहमत भएका थिए । ‘आणविक हतियार क्षमताको विस्तार सुरक्षाको मार्ग होइन,’ समूहहरूले तर्क गरे, ‘यसले दुर्घटना वा जानीजानी यी हतियारहरू प्रयोग हुने जोखिममात्र बढाउँछ ।’

‘एकमात्र व्यावहारिक सुरक्षा रणनीति त्यो हो जसले विश्वलाई आणविक प्रकोपको किनारबाट टाढा लैजान्छ र निःशस्त्रीकरणलाई प्राथमिकता दिन्छ,’ उनीहरूले भनेका छन्, ‘आणविक हतियारहरू प्रकृतिको अपरिहार्य शक्ति होइनन् जसलाई सहनुपर्छ, तिनीहरू मानव हातले बनेका थिए र तिनीहरूलाई मानव हातले विघटन गर्न सकिन्छ । केवल राजनीतिक इच्छाशक्तिको आवश्यकता छ ।’ *रासस/एएफपी*

# भारतमा सवारी दुर्घटना, १२ जनाको मृत्यु

**नयाँ दिल्ली–** भारतको मध्य प्रदेश राज्यको मन्दसौर क्षेत्रमा आइतबार भएको एक दुखद दुर्घटनामा १२ जनाको ज्यान गएको छ । उनीहरू मन्दिर जाँदै गर्दा चढेको सवारीसाधन अनियन्त्रित भई इनारमा खसेको प्रहरीले पुष्टि गरेको छ ।

स्थानीय समाचारअनुसार सवारीले पहिला एक मोटरसाइकललाई ठक्कर दिएको थियो र त्यसपछि चालकको नियन्त्रण गुम्दा इनारमा खसेको हो । मोटरसाइकल चालकको घटनास्थलमै मृत्यु भयो । इनारमा खसेका यात्रुहरूलाई बचाउन प्रयास गर्ने एक व्यक्तिको पनि ज्यान गएको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले घटनाप्रति दुःख व्यक्त गर्दै मृतकका परिवारलाई प्रतिव्यक्ति दुई लाख रूपैयाँ आर्थिक सहायता दिने घोषणा गरे । *रासस/सिन्ह्वा*

# इरानको बन्दरगाहमा विष्फोटः मृतकको संख्या ४६ पुग्यो

**तेहरान (इरान)–** इरानको राजी बन्दरगाहमा शनिबार भएको विष्फोटमा ज्यान गुमाउनेको संख्या ४६ पुगेको होर्मोजगन प्रान्तका संकट व्यवस्थापन निर्देशक मेहरदाद हसनजादेहलाई उद्धृत गर्दै इरना समाचार एजेन्सीले जनाएको छ ।

अधिकारीहरूले आगलागीमा एक हजारभन्दा बढी व्यक्ति घाइते भएको बताएका छन् । हसनजादेहले अधिकांश घाइतेहरू उपचारपछि फर्किएको तथा १३८ जना घाइते अझै अस्पतालमा उपचाररत रहेको उल्लेख गरेका छन् ।

इरानको सरकारी टेलिभिजनले आगलागीको फुटेज देखाउँदै आगो पूर्णरूपमा नियन्त्रणमा आएपछि क्षतिको मूल्यांकन गरिने जनाएको छ । आगो निभाउनका लागि अग्निनियन्त्रण यन्त्र (दम्कल) तथा हेलिकप्टर परिचालन गरिरहेको टेलिभिजन फुटेजमा देखाइएको छ ।

बन्दरगाहस्थित भन्सार कार्यालयले विष्फोटको स्पष्ट कारण यकीन नभएता पनि रासायनिक सामग्री भण्डारण डिपोमा आगलागी भएको हुनसक्ने जनाएको छ । इरानका सर्वोच्च नेता अयातुल्ला अली खामेनीले घटनाको अनुसन्धान गर्न आदेश दिएका छन् ।

सामाजिक सञ्जाल तथा सिसिटिभीमा देखाइएको भिडियोमा सानो आगो धुवाँको साथ घटना बिस्तारै सुरु भएको देखाइएको छ । गोदामको छेउमा केही कन्टेनरहरू बीचबाट सुरु भएको सानो आगोले ठूलो रूप लिएको देखाइएको छ ।

राष्ट्रपति मसूद पेजेस्कियनले अब्बासमा घाइतेहरूलाई भेट्न अस्पतालमै पुगेको जनाइएको छ । अधिकारीहरूले यस क्षेत्रका सबै विद्यालय तथा कार्यालयहरू बन्द गर्न आदेश दिएका छन् भने बासिन्दाहरूलाई ‘अर्को सूचना नभएसम्म‘ सुरक्षित रहन आग्रह गरिएको छ ।

रक्षा मन्त्रालयका प्रवक्ता रेजा तलाई-निकले यस क्षेत्रमा सैन्य इन्धन वा सैन्य प्रयोगका लागि कुनै आयात/निर्यात नगरिएको बताउनु भएको छ । रूसले आगो नियन्त्रणका लागि सहयोग गर्न विशेषज्ञहरू पठाएको छ ।

अधिकारीहरूले सोमबार राष्ट्रिय शोकको घोषणा गरेका थिए भने बन्दरगाहको होर्मोजगन प्रान्तमा आइतबारदेखि नै तीन दिनको शोक सुरु भएको थियो । तेहरानमा आयोजित उच्चस्तरीय वार्ताका लागि ओमानमा इरानी र अमेरिकी प्रतिनिधिहरू भेटवार्ता गर्दै गर्दा विष्फोट भएको थियो । *रासस/एएफपी*


नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, कैलाली

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति : २०८२/०१/१६

यस कार्यालयबाट तपसिलका निर्माण कार्यका लागि प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार EGP मार्फत दाखिला हुन आएका तपशिलका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभुतरुपमा सफल भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ज को उपनियम ५ बमोजिम उक्त बोलपत्रहरुको आर्थिक प्रस्ताव मिति २०८२/०१/२३ गते दिनको १३:०० बजे खोलिने भएकाले सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं र निर्माण कार्यको नाम | सारभुत रूपमा प्रभावग्राही बोलपत्र दाताहरू |
|---|---|
| 1.FUDBCO/KAILALI/Works/NCB/54-2081/082 Construction of Dhangadhi Sabha-hall (Phase-II) at Dhangadhi Kailali. | 1. Aashish/M.S JV Dhangadhi,Kailali<br>2. Pasamasta Nirman Sewa Ajayameru-01, Dadeldhura. |
| 2.FUDBCO/KAILALI/Works/NCB/55-2081/082 Construction of Emergency Shelter Building at Beldandi Rural Municipality -02, Kanchanpur and Bhajani Rural Municipality ward no 3 Bardawa photama kailali.(Phase-II) | 1. New Joshi-Rithgade JV, Mahendranagar, kanchanpur<br>2. Mohan/Binod JV Dhangadhi, Kailali<br>3. Jagadamba/G.K Group Jv Godawari-01 kailali.<br>4. Golden/Sanke/Glorious JV Kathmandu |

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १८८३०० | प्रति तोला – ० | प्रति तोला – १९७० |

## लगानीमैत्री वातावरणलाई प्राथमिकतामा राख्न चेम्बरको सुझाव




■ प्रभाव संवाददाता

**काठमाडौं–** निजी क्षेत्रको संस्था नेपाल चेम्बर अफ कमर्सले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा लगानीमैत्री वातावरण र उत्पादनमुखी नीतिलाई प्राथमिकतामा राख्न नेपाली कांग्रेसलाई सुझाव दिएको छ । आगामी आर्थिक वर्षको बजेट निर्माणका सन्दर्भमा नेपाली कांग्रेसको उद्योग तथा व्यापार विभागले आयोजना गरेको कार्यक्रममा चेम्बरले औद्योगिक एवं व्यापारिक क्षेत्रमा देखिएका समस्या एवं सुधारको पहलसहित विभिन्न सुझाव दिएको हो । चेम्बर अफ कमर्सका कार्यवाहक अध्यक्ष दीपककुमार मल्होत्राले कांग्रेस सभापति शेरबहादुर देउवालाई सुझाव हस्तान्तरण गरे ।

उद्यमी, व्यवसायीको मनोबल खस्किनुको पछाडि विगतका पुराना समस्याको बोझ नै प्रमुख कारण रहेकाले लगानीमैत्री वातावरणका लागि नीतिगत सहजीकरण हुनुपर्ने सुझावमा उल्लेख गरिएको छ । 'निजी क्षेत्रको आर्थिक जोखिम बहन क्षमता अत्यन्तै न्यून भएकाले थप जोखिम लिएर नयाँ उद्यम व्यवसाय गर्न बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा लिन सकिने अवस्था छैन', सुझावबारे चेम्बरले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ ।

अर्थतन्त्रलाई चलायमान बनाउन चालुपुँजी कर्जा निर्देशिकालाई खारेजी गरिनुपर्ने सुझाव दिएको छ । चालुपुँजी कर्जा निर्देशिकामा रहेका जटिल प्रावधानका कारण बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य रकम अधिक भए पनि कर्जा विस्तार हुन नसकेको कार्यवाहक अध्यक्ष मल्होत्राले बताए । व्यक्तिले घरजग्गा तथा अपार्टमेन्ट खरिद गर्दा आयश्रोतको विद्यमान झण्झटिलो व्यवस्थामा सहजीकरण गरिनुपर्नेमा समेत उनले जोडदिएको बताए ।

खस्किँदै गएको घरजग्गा व्यवसायमा सुधार गर्न विदेशी नागरिकलाई पनि अपार्टमेन्ट खरिद गर्न पाउने व्यवस्था आगामी बजेटमा समावेश गर्नुपर्नेमा समेत चेम्बरले सुझाव दिएको छ । यसैगरी कृषिमा परिनिर्भरता घटाउन लगानीमैत्री वातावरण, उत्पादनमुखी नीतिको व्यवहारिक कार्यान्वयन गरिनुपर्ने चेम्बरको जोड छ ।

कृषिमा वैदेशिक लगानी आर्कषित गर्न जग्गामा लाग्दै आएको हदबन्दी हटाउने सुझाव पनि दिइएको छ । यस्तै, जग्गामा हदबन्दी लाग्दा यसले लगानी आर्कषित हुन नसकेको, यान्त्रिकरण र आधुनीकिकरणमा समस्या उत्पन्न भएको चेम्बरको बुझाइ छ । बाँझो जमिन सदुपयोग नीति अंगिकार गरेर युवालाई स्वदेशमै रोजगारीको वातावरण सृजना गर्नसमेत चेम्बरले कांग्रेसलाई सुझाव दिएको छ ।

देशमा पर्यटन प्रवर्द्धन गर्न विदेशस्थित नेपाली दूतावासमा वर्षमा कम्तीमा एकपटक नेपाल प्रवर्द्धन कार्यक्रम आयोजना गर्नुपर्ने, मुलुकमा थप भएका दुई वटा अन्तरराष्ट्रिय विमानस्थललाई प्रभावकारी सञ्चालनमा ल्याई बढी पर्यटक भित्र्याउने नीति अवलम्वन गरिनुपर्ने सुझावसमेत दिइएको छ । यस्तै, ऊर्जा विद्येयकमा उल्लेखित प्रावधान, अदालतबाट आएका फैसला र वन मन्त्रालयबाट आएका निर्देशिकाले जलविद्युत् आयोजनाको निर्माणमा गम्भीर चुनौती खडागरेको चेम्बरले उल्लेख गरेको छ ।

## 'झण्झटिला प्रावधानले लागत र समय दुवै बढ्यो'

■ प्रभाव संवाददाता




**वीरगञ्ज (पर्सा)–** वीरगञ्जका उद्योगी/व्यवसायीले विदेशी मुलुकबाट वस्तु तथा सामान आयात गर्दा भोग्नुपरेका बाधा तथा अड्चन फुकाउनका लागि कोलकोतास्थित नेपाली महावाणिज्य दूतावाससँग अनुरोध गरेका छन् ।

कोलकोतास्थित नेपाली महावाणिज्य दूतावासले सोमबार यहाँ कोलकोता, हल्दिया बन्दरगाहबाट वीरगञ्जसम्म हुने अन्तरराष्ट्रिय व्यापार तथा परिवहनसँग नेपाली आयात तथा निर्यातकर्ताले भोग्नुपरेका समस्या विषयक अन्तर्क्रियामा विदेशी मुलुकबाट नेपालका लागि आयात गरिएका वस्तु तथा सामान झन्झटिलो प्रक्रिया र लागत बढेकाले घटाउनका लागि अनुरोध गरेका हुन् ।

नेपाल उद्योग वाणिज्य महासंघ मधेस प्रदेशका अध्यक्ष अशोककुमार टेमानीले नेपाली उद्योगी व्यवसायीले आयात गरेका वस्तु तथा सामान कोलकोता र हल्दिया सुख्खा बन्दरगाहमा प्राथमिकतामा नपर्दा उद्योगी व्यवसायीको समय र लागत दुवै बढेको बताए ।

'यहाँका उद्योगी व्यवसायीले आयात गर्न खोजेका लिजिष्टक सामान खासै प्राथमिकतामा पर्ने गरेका छैनन्', उनले भने, 'कोलकोतास्थित महावाणिज्य दूतावासले आपसी समन्वय र सहकार्य गरेर नेपाली व्यवसायीले आयात गरेका सामानलाई प्राथमिकतामा राख्नका लागि अनुरोध गर्दछु ।'

अध्यक्ष टेमानीले नेपालले पनि आफैं मालवाहक कार्गो रेल्वे ऱ्याक पनि सञ्चालन गर्नुपर्ने अवस्था सिर्जना भएको बताए । 'नेपालको आफ्नै कार्गो रेल्वे ऱ्याक हुने थियो भने पक्कै पनि नेपाली उद्योगी व्यवसायीले मगाएका सामान ल्याउनका लागि प्राथमिकतामा पर्ने थियो', उनले भने, 'सोतर्फ ध्यान दिन जरूरी भइसकेको छ ।'

वीरगञ्ज उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष माधव राजपालले वीरगञ्जको सुख्खा बन्दरगाह र एकीकृत जाँचचौकी र सीमावर्ती सहर रक्सौलको एकीकृत जाँचचौकी खुल्ने समयमा एकरूपता कायम गर्नुपर्ने बताए । 'दुई निकायबीच समयको तालमेल भएको खण्डमा सहज सेवा प्राप्त गर्न सकिन्थ्यो', उनले भने, 'महावाणिज्य दूतावासले विदेशी मुलुकबाट आयात तथा निर्यातमा देखिएका प्रक्रियागत झन्झट र लागत र समय घटाउनेतर्फ आवश्यक गृहकार्य गर्न आवश्यक भइसकेको छ ।'

कार्यवाहक अध्यक्ष राजपालले पछिल्लो समय विदेशी मुलुकबाट आयात हुने सामानको मूल्य बढेकाले पनि घटाउनेतर्फ पनि आवश्यक कदम चाल्नका लागि सुझाव दिए । नेपाल फ्रेड फर्वाड एसोसिएसनका अध्यक्ष राजेन्द्र संग्रौलाले भारतीय मालवाहक कन्टेनरको मूल्यभन्दा जरिवानाबापतको मूल्य धेरै भएकाले पनि वीरगञ्ज सुख्खा बन्दरगाहको पार्किङ खाली कन्टेनरको चाङ लागेको बताए । 'भारू साढे चार लाखमा खाली कन्टेनर तयार हुने गर्छ', उनले भने, 'यहाँ कन्टेनरको भाडा शुल्क मात्रै रू १५ लाखभन्दा धेरै रकम आउने भएकाले पनि यहाँ थन्किने समस्या यथावत् नै छ ।'

वीरगञ्ज उद्योग वाणिज्य संघका कार्यालय प्रमुख मनोज उपाध्यायले सरकार आफैंले कार्गो रेल्वे ऱ्याक सञ्चालन गरेर आत्मनिर्भर हुनुपर्ने सुझाव दिए । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले विदेशी मुलुकबाट वस्तु तथा सामान आयात र स्वदेशबाट निर्यातमा भइरहेको प्रक्रियागत झन्झट र अन्य चुनौती समाधान गर्नका लागि यस्ता बहसमूलक कार्यक्रम निरन्तर गर्नुपर्ने धारणा राखे । 'यस्ता बहसमूलक कार्यक्रमले उद्योगी व्यवसायीले झेल्नुपरेको समस्या र समाधानको मार्गदर्शनको काम गर्नेछ', उनले भने ।

पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सबैसँग समन्वय र सहकार्य गरेर आयात र निर्यातमा देखिएका समस्या हल गर्नुपर्ने बताए । कोलकोतास्थित नेपाली महावाणिज्य दूतावासका वाणिज्य दूत झक्कप्रसाद आचार्यले आयात र निर्यातमा देखिएका समस्या र चुनौतीलाई सम्बोधन गर्नेतर्फ प्रयास गर्ने बताए ।

'वाणिज्य दूतावासले आफ्नो क्षेत्राधिकारभित्र पर्ने आयात र निर्यातका क्षेत्रका देखिएका नीतिगत र व्यवहारिक जटिलतालाई सम्बोधन गर्दै आइरहेको छ', उनले भने, 'प्रक्रियागत, नीतिगत झन्झट र अप्ठेराहरूको गाँठो फुकाउने प्रयास गरिरहेका छौं ।' महावाणिज्यदूत आचार्यले 'लजिष्टक कष्ट' घटाएर नेपाल आयात हुने सामानको लागत र समय घटाउने प्रयास निरन्तर भइरहेको छ ।

## उपल्लो मुस्ताङ जोड्ने ३३ केभी प्रसारणलाइन

**मुस्ताङ–** हिमाली जिल्ला मुस्ताङमा ३३ केभी प्रसारणलाइन विस्तार तीव्रगतिमा अघि बढेको छ । नेपाल विद्युत् प्राधिकरणले मुस्ताङको थासाङ गाउँपालिका-२ कोवाङदेखि उपल्लो मुस्ताङ जोड्ने गरी लोघेकर दामोदरकुण्ड गाउँपालिका चराङसम्मको १०३ किलोमिटर दुरीमा ३३ केभी प्रसारण ट्रान्समिसनलाइन विस्तार अघि बढाएको हो ।

उत्तरी चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको उपल्लो मुस्ताङको लोमान्थाङस्थित कोरलानाकासम्म हाल ११ केभी विद्युत् क्षमताको प्रसारणलाइन सञ्चालनमा छ । नेपाल विद्युत् प्राधिकरणले मुस्ताङको थासाङ -२ कोवाङसम्म केन्द्रीय प्रसारणलाइनअन्तर्गत ३३ केभी ट्रान्समिसन प्रसारणलाइनको पहुँच पुऱ्याएको छ । यसलाई जिल्लाभरि नै केन्द्रीय प्रसारण लाइनमा जोड्ने गरी नेपाल विद्युत् प्राधिकरणले ३३ केभी ट्रान्समिसन प्रसारणलाइनको योजना अघि बढाएको हो ।

नेपाल विद्युत् प्राधिकरणको विद्युत् मापपदण्डअनुसार एक सब स्टेशनबाट अर्को विद्युत् सब स्टेशनसम्म विद्युत् प्रसारण गर्नका लागि ५० किलोमिटर भन्दामाथि जानुहुँदैन । तर मुस्ताङको कोवाङदेखि कोरलानाकासम्म करिब एक सय ५० किलोमिटर दुरीमा सिधै ११ केभीको विद्युत् प्रसारणलाइन सञ्चालनमा छ ।

यसैका कारण मुस्ताङ जिल्लामा पटक/पटक विद्युत् आपूर्तिमा समस्या र चुनौती हुने अवस्था विद्यमान छ । हाल मुस्ताङको कोवाङबाट उत्तरी क्षेत्रसम्म सञ्चालन भइरहेको विद्युत् प्रसारणलाइन सिधै ११ केभीको हुँदा मुस्ताङका नागरिकले चरम विद्युतीय समस्या झेल्दै आइरहेका छन् । हालको ११ केभी विद्युत् लाइनको सेवाले कुनै एक स्थानमा विद्युत् समस्या आइपर्दा पूरै जिल्लामा विद्युत् आपूर्ति बन्द गर्नुपर्ने बाध्यकारी अवस्था छ ।

मुस्ताङ जिल्लाको विद्युत् प्रसारणलाइनलाई दीगो, भरपर्दो र प्रभावकारी तुल्याउन प्राधिकरणले ३३ केभी प्रसारणलाइनको ठेक्का लगाएको हो । मुस्ताङको कोवाङदेखि चैलेसम्म र चैलेदेखि उपल्लो मुस्ताङको चराङसम्म दुई सेसनमा सब स्टेशन निर्माण गरेर ३३ केभी ट्रान्समिसन प्रसारणलाइन विस्तार गर्ने गरी सन् २०२३ को जुलाईमा प्याराडाइज हुलास जेकेबी जेभीसँग रु २७ करोड ६५ लाखको लागतमा ठेक्का सम्झौता गरेको जेभीका प्रतिनिधि इञ्जिनियर दीपककुमार मण्डलले बताए ।

प्राधिकरणले हालको ११ केभी प्रसारणलाइनलाई पूरै विस्थापित गर्ने गरी ३३ केभी नयाँ ट्रान्समिसन प्रसारणलाइनको काम अघि बढाएको जेभीका प्रतिनिधि इञ्जिनियर मण्डलको भनाइ छ । मुस्ताङमा ३३ केभी ट्रान्समिसन प्रसारणलाइन विस्तार दुई वर्षको ठेक्का सम्झौता अनुसार सन् २०२५ को जुलाईसम्म सम्पन्न गर्नुपर्ने लक्ष्य राखिएको छ । प्राविधिकरणसँगको ठेक्कापछि प्याराडाइज हुलास जेकेबी जेभीले ३३ केभी ट्रान्समिसन प्रसारणलाइन विस्तार गर्न विद्युत् पोल गाड्न ६ फिट गहिराइको खाल्डो र पिसिसी खन्ने कामसँगै विद्युत् पोल विस्तारक ९५ प्रतिशत काम सम्पन्न गरेको जेभी इञ्जिनियर मण्डलले उल्लेख गरे ।

३३ केभी ट्रान्समिसन प्रसारणलाइन अबको छ महिनाभित्रै प्राधिकरणलाई हस्तान्तरण गर्ने लक्ष्यसहित प्रसारणलाइनको तार तान्ने काम तीव्रगतिमा काम भइरहेको जनाइएको छ । मुस्ताङको थासाङ गाउँपालिका-२ कोवाङदेखि जोमसोमसम्म करिब २५ किलोमिटर दुरीमा ३३ केभी ट्रान्समिसन प्रसारणलाइनको तार तान्ने काम सकिएको प्याराडाइज हुलास जेकेबीले जनाएको छ ।

'अहिले जोमसोम र ठिनीलगायतका दुई/तीन स्थानमा विद्युत् तार तान्ने काम भइरहेको छ', इञ्जिनियर मण्डलले भने, 'उपल्लो मुस्ताङमा पनि मौसम अनुकूल छ, त्यहाँ पनि अर्को टोलीलाई तार तान्ने काममा खटाउने तयारीमा छौं ।' मुस्ताङको चराङसम्म ३३ केभी ट्रान्समिसन प्रसारणलाइनको काम सकिएलगत्तै विद्युत् प्रसारणको परीक्षणस्वरूप लाइन सञ्चालनमा ल्याएर प्राधिकरणलाई हस्तान्तरण गर्ने योजना छ ।

यसैगरी नेपाल विद्युत् प्राधिकरणले ३३ केभी प्रसारणलाइन विस्तारका लागि मुस्ताङको वारागसङ मुक्तिक्षेत्र-३ चैले र उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड-१ चराङमा गरी दुई वटा सबस्टेशन निर्माणका लागि नेपाल विद्युत् प्राधिकरणले ठेक्का आह्वान एकवर्ष अघिनै गरिसकेको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले जानकारी दिए । मुस्तङको चैले र चराङमा नेपाल विद्युत् प्राधिकरणले निर्माण गर्ने सबस्टेशन निर्माणका लागि आवश्यक जग्गाकोसमेत व्यवस्थापन भइसकेको अध्यक्ष विष्टले उल्लेख गरे । *रासस*

**जन्म दर्ता गर्न आवश्यक कागजात**

- आमा वा बाबुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- स्वास्थ्य संस्था/अस्पतालमा जन्म भएको भएको उक्त संस्थाबाट जारी जन्म प्रमाण,
- घरमा जन्म भएको हकमा खोप कार्ड,
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ